वार्षिक प्रगति प्रतिवेदन

आ.व. २०८१/८२

कोशी प्रदेश सरकार
पर्यटन, वन तथा वातावरण मन्त्रालय
प्रदेश वन निर्देशनालय

डिभिजन वन कार्यालय, मोरङ

विराटनगर, नेपाल

वार्षिक प्रगति प्रतिवेदन

(२०८१/०८२)

तयार गर्ने

डिभिजन वन कार्यालय, मोरङ

विराटनगर

२०८२

दुई शब्द

डिभिजन वन कार्यालय, मोरङलाई आ.व. २०८१/०८२ मा प्रदेश सरकारबाट प्राप्त स्वीकृत कार्यक्रमहरु (क) वातावरण संरक्षण कार्यक्रम (ख) वन्यजन्तु तथा बासस्थान संरक्षण कार्यक्रम (ग) डिभिजन वन कार्यालयहरु (घ) प्रदेश वन विकास तथा व्यवस्थापन कार्यक्रम (ङ) प्रदेश हरित अभियान कार्यक्रम (च) जडिबुटी विकास कार्यक्रम र संघीय सशर्त अनुदान तर्फ (क) वातावरण विभाग (ख) जलाधार संरक्षण तथा सिमसार व्यवस्थापन कार्यक्रम (ग) डिभिजन वन कार्यालयहरु (वन सुरक्षा सैनिक समेत)(संघ सशर्त अनुदान) (घ) राष्ट्रिय वन विकास तथा व्यवस्थापन कार्यक्रम (संघ सशर्त अनुदान) (ङ) जडिबुटी विकास कार्यक्रम (संघ सशर्त अनुदान) यस कार्यालयलाई प्राप्त भएको थियो । प्रशासनिक खर्च बाहेक प्राथमिकताको आधारमा वन विकास कार्यक्रमहरुको चालु र पूँजीगत गरी जम्मा विनियोजित बजेट रु. ८ करोड ५५ लाख २७ हजारको अख्तियारी प्राप्त भएको थियो । उपलब्ध श्रोत साधन, समय र जनशक्तिलाई समुचित व्यवस्थापन गर्दै अधिकतम प्रतिफल देखिने तथा बजेट तथा कार्यक्रमको उद्देश्य पूरा हुने कामहरु समयमै सम्पन्न गर्न अधिकतम प्रयत्न गरिएको थियो । वातवारण विभाग अन्तर्गतका कार्यक्रमहरु E-Bidding मार्फत संचालन गर्दा Bidder ले विनियोजित बजेटभन्दा कम अङ्कमा सकार गरेको हुँदा वित्तीय प्रगति कम देखिएको छ ।

यस आ.व. मा कार्यालयको व्यवस्थापन र कार्यक्रम संचालनमा आवश्यक नीतिगत निर्देशन, पृष्ठपोषण तथा सुझाव प्रदान गरी सहयोग गर्नुहुने संघीय वन तथा वातावरण मन्त्रालय, पर्यटन, वन तथा वातावरण मन्त्रालय, कोशी प्रदेश, सम्मानित जिल्ला अदालत, वन तथा भू-संरक्षण विभाग, र प्रदेश वन निर्देशनालय, वन अनुसन्धान तथा प्रशिक्षण केन्द्र, स्थानीय प्रशासन तथा सुरक्षा निकायहरु, स्थानीय तहहरु, नेपाल वन निगम लि. विराटनगर, वनबीउ प्रयोगशाला तथा भण्डारण केन्द्र विराटनगर, जिल्लास्थित सरकारी र गैह्रसरकारी कार्यालय, नेपाल वन पैदावार उद्योग व्यवसायी महासंघ एवं संघसंस्थाहरु प्रति हार्दिक आभार व्यक्त गर्न चाहन्छौं । यसका अतिरिक्त कार्यक्रम संचालनमा सहभागिता जनाउने र सेवाग्राहीको रुपमा रहेका सामुदायिक, साझेदारी, धार्मिक वन समूहहरु, निजी वन धनीहरु, निजी नर्सरी संचालकहरु, डिभिजन वन कार्यालयका सम्पूर्ण कर्मचारीहरुलाई हार्दिक धन्यवाद दिन चाहन्छौं । हालको वित्तीय प्रगति सन्तोषजनक मात्र रहेको भएता पनि आगामी आ.व. मा अझ बढी चुस्त योजना तर्जुमा र प्रभावकारी कार्यान्वयनका साथ भारित तथा भौतिक प्रगति अझ राम्रो हासिल गर्ने तथा

कार्यालयबाट प्रदान गरिने वस्तु, सेवा र सुविधाको परिमाण तथा गुणस्तरमा अझ बढोत्तरी गरिने विश्वास दिलाउन चाहन्छौं ।

तयार गर्ने

व.अ. राम लखन ठाकुर, व.अ. घनश्याम कु.यादव
व.अ. विमल के.सी., शा.अ. नन्दीकेशर काफ्ले,
ले.अ. सुनिता प्रधान

पेश गर्ने

उत्सव थापा
डिभिजनल वन अधिकृत
डिभिजन वन कार्यालय, मोरङ

डिभिजन वन कार्यालय, मोरङ

आ.व. २०८१/०८२ को प्रगति सारांश

कार्यक्रम र बजेट (लाखमा)						हाल सम्म प्रगति			
सि.नं.	कार्यक्रम	ब.उ.शी.नं.	पूँजीगत रु.	चालु रु.	जम्मा रु.	पूँजीगत रु.	चालु रु.	जम्मा रु.	प्रगति %
१	वातावरण संरक्षण कार्यक्रम	३२९००१०१	१	३	४	०.९९	२.९	३.८९	९७.२५
२	वन्यजन्तु तथा बासस्थान संरक्षण कार्यक्रम	३२९००१०२	१५	१३	२८	१३.३	१२.८	२६.१	९३.२१
३	डिभिजन वन कार्यालयहरु	३२९०१०१२	२४.३	९०७	९३१.४	२३.९४	७८९.४	८१३.३	८७.३२
४	प्रदेश वन विकास तथा व्यवस्थापन कार्यक्रम	३२९०११०१	८३	१३४	२१६.८	६४.२	१३२	१९६.२	९०.५३
५	प्रदेश हरित अभियान कार्यक्रम	३२९०११०२	६४.५	३२.४	९६.९	५३.३९	३२.०१	८५.४	८८.१३
६	जडीबुटी विकास कार्यक्रम (प्रदेश)	३२९०११०३	१०	०	१०	९.८५	०	९.८५	९८.५
७	वातावरण विभाग (संघ सशर्त अनुदान)	३२९९११२१	८०	०	८०	६५.६	०	६५.६	८२.०
८	जलाधार संरक्षण तथा सिमसार ब्यवस्थापन कार्यक्रम (संघ सशर्त अनुदान)	३२९९११२५	१०	०	१०	९.८८	०	९.८८	९८.८
९	डिभिजन वन कार्यालयहरु (वन सुरक्षा सैनिक समेत) (संघ सशर्त अनुदान)	३२९९११२०	०	१६३	१६२.६	०	१४९.७	१४९.७	९२.०६
१०	राष्ट्रिय वन विकास तथा व्यवस्थापन कार्यक्रम (संघ सशर्त अनुदान)	३२९९११२४	१८५	४८	२३३	१५८.१	३६.५	१९४.६	८३.५
११	जडीबुटी विकास कार्यक्रम (संघ सशर्त अनुदान)	३२९९११२२	१४	०	१४	१४	०	१४	१००.०
	जम्मा		**४८६.८**	**१३००**	**१७८७**	**४१३**	**११५५**	**१५६९**	**८७.७९**

प्रदेश सरकार स्रोत तर्फको प्रगति : ८८.२%

संघीय सशर्त अनुदान तर्फको प्रगति : ८६.८%

औषत वित्तीय प्रगति : ८७.७९ %

विषयसूची

परिच्छेद १- मोरङ जिल्लाको परिचय १

१. परिचय १

१.१ मोरङ जिल्लाको ऐतिहासिक पृष्ठभूमी तथा राजनीतिक विभाजन १

१.१.१ जिल्लाको सामान्य इतिहास तथा मूख्य विशेषताहरु १

१.१.२ भू-उपयोगिता ३

१.२ भौगोलिक अवस्था तथा बनोट ४

१.२ जियोलोजी (खनिज, चट्टान र माटो) तथा भू-बनोट ५

परिच्छेद २- वन संरक्षण तथा पुनरुत्पादन अभिवृद्धि ६

२.१ वन अतिक्रमण नियन्त्रण र व्यवस्थापन ६

२.२ वन डढेलो नियन्त्रण तथा व्यवस्थापन ६

२.३ वन पैदावार चोरी निकासी र वन्यजन्तु चोरी शिकार नियन्त्रण ७

२.४ मोरङ जिल्लामा वनको विवरण ७

२.५ वन अतिक्रमण क्षेत्रको विवरण ८

२.६ वन क्षेत्रको गस्ती र वन/वन्यजन्तु संरक्षण ११

२.७ नदीजन्य पदार्थको अवैध उत्खनन नियन्त्रण र व्यवस्थापन ११

२.८ प्राकृतिक पुनरोत्पादन अभिवृद्धिको कार्य १२

परिच्छेद ३ - वन संवर्द्धन र व्यवस्थापन १४

३.१ परिचय १४

३.२ वन व्यवस्थापन कार्ययोजना कार्यान्वयनका अवस्थाहरु १५

३.३ वन्यजन्तु तथा बासस्थान संरक्षण १८

परिच्छेद ४ - वन पैदावार उत्पादन, सदुपयोग तथा राजश्व संकलन २१

४.१ परिचय २१

परिच्छेद ५ - वन विकास, विस्तार तथा पुनर्स्थापना..... २४
५.१ आ.व. २०८१/८२ मा स्विकृत कार्यक्रमहरु र सो को उद्देश्य २४
५.१.१ प्रदेश सरकार तर्फको कार्यक्रम २४
५.१.२ संघीय/प्रदेशका मुख्य कार्यक्रमहरु..... २६
५.२ वन विकास कार्यहरु २७
५.२.१ बिरुवा उत्पादन २७
५.२.२ विरुवा वितरण..... २८
५.२.३ नर्सरी निर्माण/मर्मत २८
५.२.४ गोडमेल र पुनःरोपण..... २८
५.२.५ वन सामाजिक परिचालक परिचालन..... २९
५.२.६ विद्यालय वातावरण सुधार कार्यक्रम..... २९
५.२.७ काठको डिपो (घाटगद्दी) स्थापना र व्यवस्थापन २९
५.२.८ जिल्ला वन क्षेत्र समन्वय समिति सचिवालय व्यवस्थापन तथा सुढृढीकरण..... २९
५.२.८ वन क्षेत्रमा सुशासन र क्षमता अभिबृद्धि कार्यक्रम..... ३०
५.२.८ दिवश, समारोह..... ३०
परिच्छेद ६ - सिमसार प्रवर्द्धन तथा वन्यजन्तुको लागि क्रिडास्थल र संरक्षण पोखरी निर्माण..... ३१
परिच्छेद ७ - वन अपराध नियन्त्रण तथा मुद्दा फछ्र्यौट ३३
७.१ मुद्दा दायरी र फछ्र्यौट ३३
परिच्छेद ८ - रोजगारी सिर्जना..... ३६
८.१ रोजगारी सिर्जना ३६
परिच्छेद ९ - वन्यजन्तु संरक्षण, उद्धार र राहत वितरण ३७
परिच्छेद १० - बेरुजू फछ्र्यौट ४४
परिच्छेद ११ - कार्यालय व्यवस्थापन ४५
११.१ कर्मचारी व्यवस्थापन..... ४५

११.२ भौतिक व्यवस्थापन ४५
११.४ बैठक संचालन ४६
११.५ अनुगमन ४६
११.६ अख्तियार दुरुपयोग अनुसन्धान आयोगमा जवाफ पेश ४६
११.७ सशस्त्र वन रक्षकको व्यवस्था ४७
११.८ नागरिक बडापत्रको व्यवस्था ४७
११.९ गुनासो सुन्ने व्यवस्था ४७
११.१० विपद व्यवस्थापन ४७
११.११ फिल्ड गियर वितरण ४८
११.१२ मोबाईल र सिमकार्डको व्यवस्था ४८
परिच्छेद १२ - शासकीय सुधारका कार्यहरु ४९
परिच्छेद १३ - पुरस्कार र सम्मान ५१
१३.१ राष्ट्रिय पुरस्कार ५१
१३.२ जिल्लाबाट प्रदान गरिने पुरस्कार ५१
परिच्छेद १४ - जिल्ला वन पैदावार आपूर्ति समिति ५३
१४.१ जिल्ला वन पैदावार आपूर्ति समिति, मोरङको गठन प्रकृया ५३
१४.२ मोरङ जिल्लामा जिल्ला वन पैदावार आपूर्ति समितिको कार्यक्षेत्र ५४
१४.३ आ.व. २०८१/८२ मा सम्पादन गरिएका कामको समीक्षा ५५
१४.३.१ काठ दाउरा विक्री वितरणको अवस्था ५५

परिच्छेद १- मोरङ जिल्लाको परिचय

१. परिचय

मोरङ जिल्ला नेपालको कोशी प्रदेशमा पर्ने औद्योगिक जिल्ला हो। कोशी प्रदेशकै ऐतिहासिक गौरव बोकेको मोरङ जिल्ला औद्योगिक तथा जनसङ्ख्याको हिसाबले नेपालकै दोस्रो ठूलो जिल्लाको रूपमा परिचित छ। बहुजाती बहुभाषीले सजिएको नेपालको पूर्वी तराईमा पर्ने यो जिल्ला प्राचीनकालमा विराट राजाको राजधानीको रूपमा प्रख्यात थियो। वि.सं २०१८ सालको प्रशासनिक विभाजन भन्दा अगाडि ३५ जिल्ला हुँदा पनि यो एउटा जिल्लाको रुपमा अवस्थित थियो जुन हाल मोरङ, सुनसरी तथा झापा जिल्लाहरूमा विभाजित भएको छ। मोरङ जिल्लाको क्षेत्रफल १,८५५ वर्ग किलोमिटर छ। यो पूर्वमा झापा र पूर्वोत्तरमा इलामसँग जोडिएको छ भने उत्तरमा धनकुटा, पाँचथर र पश्चिममा सुनसरी तथा दक्षिणमा भारतको बिहारसँग यसको सिमाना रहेको छ। मोरङ जिल्लाको सदरमुकाम प्रमुख औद्योगिक शहर बिराटनगर हो। अनेकौं स-साना खोलाहरूले सिङ्गारिएको यो जिल्ला धार्मिक तथा सांस्कृतिक हिसाबले पनि धेरै अग्रस्थानमा रहेको छ। शैक्षिकताको आधारमा पनि यो जिल्ला महत्त्वपूर्ण जिल्ला हो।

१.१ मोरङ जिल्लाको ऐतिहासिक पृष्ठभूमी तथा राजनीतिक विभाजन

राजनीतिक/प्रशासनिक विभाजनः जिल्लाको साविक ६५ गाउँ विकास समिति र १ उपमहानगरपालिकालाई १७ वटा स्थानीय तहमा विभाजन गरिएको थियो। ६५ वटा गा.वि.स. हरू मध्ये ८ बटा पहाडी क्षेत्रमा तथा ५७ वटा तराई क्षेत्रमा रहेका थिए। हाल यस जिल्लामा १७ वटा स्थानीय तह रहेका छन्। जसलाई एक महानगरपालिका, ८ नगरपालिका तथा ८ गाउँपालिका गरी विभाजन गरिएको छ। राष्ट्रिय जनगणना, २०७८ अनुसार जनसंख्याको हिसाबले यस जिल्लामा विराटनगर महानगरपलिका सबैभन्दा ठूलो छ जसको जनसंख्या २,४४,७५० रहेको छ भने सबैभन्दा सानो मिक्लाजुङ्ग गा.पा.को जनसंख्या ३३,३१७ रहेको छ। क्षेत्रफलको हिसाबले केराबारी गाउँपालिका सबैभन्दा ठूलो रहेको र यसको क्षेत्रफल २२० वर्ग किलोमिटर छ।

१.१.१ जिल्लाको सामान्य इतिहास तथा मूख्य विशेषताहरु

कोशी प्रदेशको ऐतिहासिक गौरव बोकेको, जनसंख्याको दृष्टिकोणले नेपालको दोश्रो ठूलो जिल्ला मोरङ प्राचीनकालमा राजा विराटको राजधानीको रुपमा प्रख्यात थियो। कालान्तरमा यस

जिल्लामा हाङ्ग नामक किराँती राजाले राज्य संचालन हुँदाको समयमा यहाँको प्रशासन क्षेत्रलाई मावरङ्ग भन्ने चलन आयो। पछि सोही मावरङ्ग भन्ने शब्द नै अपभ्रंश भई मोरङ्ग भन्न थालिएको हो भन्ने किम्बदन्ती रहेको पाइन्छ। अधिकांश भू-भाग तराईले ओगटेको यो जिल्ला पूर्वी नेपालको मुख्य औद्योगिक एवं व्यापारिक केन्द्रको रूपमा परिचित छ। देशको राजधानी काठमाण्डौबाट पूर्व ५०६ कि.मी. दूरीमा यस जिल्लाको सदरमुकाम विराटनगर रहेको छ। प्रारम्भमा मोरङ जिल्ला भन्नाले झापा तथा सुनसरी जिल्ला समेत ओगट्थ्यो। वि.सं. २०१९ सालको जिल्ला विभाजन हुँदा हालको स्वरूपमा जिल्लाको आकार बन्न गएको हो। महाभारतकालीन विराट राजाको दरवार, राजारानी धिमाल पोखरी, गोविन्दपुरको सुनवर्षी पोखरी लगायत डाईनियाको हरिश्चन्द्र गढी, कसेनीको धनपालगढी आदि जस्ता ऐतिहासिक स्थलहरू रहेको मोरङ जिल्ला धार्मिक तथा पर्यटकीय दृष्टिकोणले पनि महत्वपूर्ण रहेको छ। सांस्कृतिक रूपले समेत यो जिल्ला समृद्ध छ। विभिन्न जात जातिको बसोबास भएकोले आ-आफ्नै भेषभुषा तथा रहन सहन र संस्कृति यहाँ देख्न सकिन्छ। कृषि उत्पादनका लागि उर्वर भूमि भएको हुनाले अन्य पहाडी तथा तराईका मानिसहरु यस जिल्लामा बसाई सरेर आउने प्रचलन पनि धेरै नै छ। मोरङ जिल्लाको आकृति झण्डै वर्गाकार आकारको छ। भौगोलिक बनावट अनुसार यस जिल्लामा महाभारत क्षेत्र, चूरे भावर क्षेत्र र तराई क्षेत्र रहेको छ। पूर्वमा झापा जिल्ला, पश्चिममा सुनसरी जिल्ला, उत्तरमा पाँचथर, इलाम र धनकुटा जिल्ला पर्दछ भने दक्षिणमा भारतको सिमाना पर्दछ।

वि.सं. २०३३ सालमा राष्ट्रिय वन योजना लागू भएपछि स्थापना भएका ४० वटा वन डिभिजन कार्यालयमध्ये मोरङ्ग वन डिभिजनको नामबाट यस जिल्लाको वनजंगल संरक्षण तथा संवर्द्धन हुँदै आएको र वि.सं. २०४० सालमा जिल्ला वन कार्यालय स्थापना पश्चात वन जंगल संरक्षण, संवर्द्धन र सदुपयोगको कार्य हुँदै आइरहेको छ। त्यसैगरी, २०७० सालमा कर्मचारीहरुको समायोजन हुँदा यस जिल्लामा १ वटा डिभिजन वन कार्यालय र १२ वटा सव-डिभिजन वन कार्यालयको स्थापना भै वनको संरक्षण र संवर्द्धन भै राखेको छ। नेपालको संविधान २०७२ लागू भएपश्चात देशको नयाँ संरचना हुँदा देश ७ वटा प्रदेशमा विभाजन भई, मोरङ्ग जिल्ला कोशी प्रदेशमा अवस्थित छ। जिल्लाको कूल भू-भागको २५.२३ प्रतिशत क्षेत्र वनक्षेत्रले ओगटेको यस जिल्लाको मुख्य प्राकृतिक स्रोतको रुपमा वन जंगलर नदीजन्य पदार्थ पर्दछन् भने अन्यमा नदिनाला, ताल-तलैयाहरु पर्दछन्। मोरङ जिल्लाको भौगोलिक तथा प्रशासनिक विभाजन सम्बन्धी विवरण निम्न तालिकामा प्रस्तुत गरिएको छ।

तालिका १ - जिल्लाको भौगोलिक तथा प्रशासनिक विभाजन

प्रदेश	कोशी प्रदेश
प्रदेशको राजधानी	विराटनगर
जिल्ला	मोरङ
सदरमुकाम	विराटनगर
उत्तरी आक्षांश	२६°२०' देखि २६° ५३' सम्म
पूर्वी देशान्तर	८७°१६' देखि ८६° ४१' सम्म
क्षेत्रफल	१,८५,५०० हेक्टर (१,८५५ वर्ग कि.मि.)
प्रदेशसभा निर्वाचन क्षेत्र संख्या	१२ वटा
प्रतिनिधि सभा निर्वाचन क्षेत्र संख्या	६ वटा
स्थानीय तह संख्या	१७ वटा
महानगरपालिका संख्या	१ वटा (विराटनगर)
गाउँपालिका संख्या	८ वटा (जहदा, कटहरी, ग्रामथान, बूढीगङ्गा, केराबारी, मिक्लाजुङ्ग, कानेपोखरी, धनपालथान)
नगरपालिका संख्या	८ वटा (रंगेली, सुनवर्षी, रतुवामाई, उर्लाबारी, पथरी-शनिश्चरे, बेलबारी, लेटाङ्ग, सुन्दरहरैंचा)
उचाई	समुद्री सतहदेखि ६० मी. देखि २,४१० मी. सम्म
चारकिल्ला	पूर्व : झापा जिल्ला पश्चिम : सुनसरी जिल्ला उत्तर : पाँचथर, ईलाम र धनकुटा जिल्ला दक्षिण : भारतको विहार राज्य ।

यस जिल्लालाई भौगोलिक हिसाबले महाभारत, शिवालिक (चूरे) र तराई गरी ३ (तीन) भागमा विभाजन गरिएको छ। जिल्लाको भू-भाग मध्ये अधिकांश (८०%) भाग तराई र २०% भाग पहाडी (महाभारत र चूरे) क्षेत्रमा पर्दछ। त्यसैगरी मुख्य नदीनालाहरुमा रतुवा, मावा, डाँस, चिसाङ्ग, लोहन्द्रा, गछिया र बूढी खोला मुख्य हुन्। यस जिल्लाको पूर्व-पश्चिम औषत चौडाई ४६ कि.मी. तथा उत्तर-दक्षिण लम्बाई ५४ कि.मी. रहेको छ।

१.१.२ भू-उपयोगिता

यस जिल्लाको कूल क्षेत्रफल १,८५,५०० हेक्टर रहेको छ जसमध्ये वनले ढाकेको वन क्षेत्र ४४,५४० हेक्टर रहेको छ, अर्थात जिल्लाको कूल भू-भागको २४.०१% वनक्षेत्रले

ढाकेको छ। बाँकी कृषि योग्य जमीन, चट्टान, पहिरो, बाँझो पर्ती क्षेत्र, आवास क्षेत्र, खोला, बाटो, नहर क्षेत्र आदि रहेको छ। विस्तृत विवरण तालिका नं. २ मा उल्लेख गरिएको छ।

तालिका २ - भू-उपयोगको किसिम

क्र.सं.	भू-उपयोगको किसिम	क्षेत्रफल (हे.)	प्रतिशत
१.	कृषियोग्य जमिन	१,२२,०८६	६५.८१
२.	वनजंगलले ढाकेको क्षेत्रफल	४४,५४०	२४.०१
३.	रुखले ढाकेको क्षेत्रफल	२,८५३	१.५४
४.	खोला, बाटो, नहर	१०,७४८	५.७९
५.	आवास क्षेत्र	२,५४३	१.३७
६.	चट्टान, पहिरो, बाझो तथा पर्ति क्षेत्र	२,७३०	१.४७
जम्मा क्षेत्रफल		**१,८५,५०० हे.**	**१००**

(National Land Cover Monitoring System of Nepal, 2019)

१.२ भौगोलिक अवस्था तथा बनोट

संघीय संरचना अनुसार यो जिल्ला कोशी प्रदेश मा पर्दछ। यो जिल्ला आर्थिक संभावना, सामाजिक स्थिति एवं ऐतिहासिक, धार्मिक तथा सांस्कृतिक दृष्टिकोणले नेपालकै प्रमुख जिल्लाहरु मध्ये एक हो। यस मोरङ जिल्लाको कूल क्षेत्रफल १,८५,५०० हेक्टर रहेको छ। जसमध्ये वनले ढाकेको वन क्षेत्र ४४,५४० हेक्टर रहेको छ। अर्थात जिल्लाको कूल भू-भागको २४.०१% वनक्षेत्रले ढाकेको छ।

यो जिल्ला विश्व मानचित्रमा २६°२०' देखि २६° ५३' सम्म उत्तरी अक्षांश र ८७° १६' देखि ८६° ४१' सम्म पूर्वी देशान्तरमा फैलिएको छ। यस जिल्लालाई जियोलोजी र भौगोलिक हिसाबले महाभारत, शिवालिक (चूरे) र तराई गरी ३ (तीन) भागमा विभाजन गरिएको छ। महाभारत क्षेत्रको उचाइँ समुद्र सतहदेखि १,००० मिटरदेखि २,४१० मिटरसम्म र शिवालिक क्षेत्रको उचाइँ ५०० मिटरदेखि १,००० मिटरसम्म पर्दछ। तराई क्षेत्रको औषत उचाँइ ६० मिटरदेखि ५०० मिटरसम्म रहेको छ। भौगोलिक बनावटलाई हेर्दा तराईको उष्ण क्षेत्रदेखि महाभारतको उच्च पहाडी भागसम्म समेटिएको कारण जैविक विविधताको दृष्टिकोणले यो जिल्ला धनी रहेको छ।

तालिका ३ - हावापानीको आधारमा मोरङ जिल्लाको वर्गीकरण (भौगोलिक बनावट)

भौगोलिक क्षेत्र	उचाँइ	प्रतिशत क्षेत्र
तल्लो उष्ण क्षेत्र (Lower Tropical)	६० देखि ३०० मि. सम्म (१,००० फिट)	८०.९%

भौगोलिक क्षेत्र	उचाँइ	प्रतिशत क्षेत्र
माथिल्लो उष्ण क्षेत्र (Upper Tropical)	३०० देखि १,००० मि. सम्म (१,०००-३,३०० फिट)	११.५%
उपोष्ण (Sub-Tropical)	१,००० देखि २,००० मि. सम्म (३,३००-६,६०० फिट)	७.४%
शीतोष्ण (Temperate)	२,००० देखि ३,००० मि. सम्म (६,४००-९,८०० फिट)	०.२ %

(Source: https://en.wikipedia.org/wiki/Morang_District.)

१.२ जियोलोजी (खनिज, चट्टान र माटो) तथा भू-बनोट

यस जिल्लाको खनिज चट्टान तथा माटोको विषयमा विस्तृत अध्ययन भएको छैन। यद्यपि विभिन्न सन्दर्भ सामग्रीको आधारमा यसको विवरण तयार गरिएको छ। यस जिल्लाको केही भाग महाभारत श्रेणीमा पर्ने हुनाले धेरै जसो (Metamorphic / Sedimentory Rocks) हरु पाईने गर्दछ। यस क्षेत्रमा माटो, बालुवा, गिट्टी र ढुंगाले भरिएकोले उत्तरबाट दक्षिण तिर भिरालो पर्दै गएको भावर प्रदेश र चारकोशे झाडी पर्दछ। यस जिल्लाको २ गाउँपालिका (केराबारी र मिक्लाजुङ्ग) तथा १ न.पा (लेटाङ्ग) चूरे तथा महाभारत क्षेत्रमा अवस्थित छन्।

तराई क्षेत्रको औषत उचाई ६० मिटर देखि ५०० मिटरसम्म रहेको छ र नरम पाँगो एवं उर्वर माटोले बनाएको समथर भू-भाग यसै क्षेत्रमा पर्दछ। वर्षाले बगाएर ल्याएको मलिलो पांङ्गो माटो यस क्षेत्रमा थुप्रने हुँदा कृषिको लागि यो भाग ज्यादै उर्बर रहेको छ। पहाडी भू-भागको माटोमा चट्टानका मसिना ढुंगा र बालुवा बढी पाइने साथै बलौटे दोमट तथा दोमट किसिमको छ र यहाँको माटोको अम्लीयपन (PH) ४.५ देखि ७.५ सम्म रहेको पाइन्छ। मध्य क्षेत्रको माटो दोमट र हल्का चिम्टाइलो छ। समथर भू- भागको माटो चिम्टाइलो बलौटे दोमट तथा दोमट किसिमको छ। यहाँको माटोको अम्लीयपन (PH) ६ देखि ८.५ सम्म रहेको पाइन्छ। महाभारत श्रृंखलाको माटो मेटामर्फिक चट्टानबाट बनेको छ। मुख्य चट्टानहरु हरिया र काला सिलिकन सहितका छन्। माटोको केही तह क्वार्जहरुबाट समेत निर्मित छ शिवालिक क्षेत्रको माटोको बनावट खैरो र बालुवा समेतको रहेको छ। तराई क्षेत्रमा चिम्टाइलो माटो पाइन्छ।

परिच्छेद २- वन संरक्षण तथा पुनरुत्पादन अभिवृद्धि

२.१ वन अतिक्रमण नियन्त्रण र व्यवस्थापन

वन अनुसन्धान तथा सर्वेक्षण विभागको पछिल्लो तथ्याङ्क अनुसार मोरङ जिल्लाको कूल वनको क्षेत्रफल ४४,५४० हे. रहेको छ। आ.व. २०८१/०८२ को आषाढ सम्मको अवधिमा यस जिल्लामा थप वन अतिक्रमण भएको छैन। यस बाहेक अन्य वनक्षेत्र अतिक्रमण हुन नदिन स्थानीय वन उपभोक्ता समूह, नागरिक समाज, सुरक्षाकर्मीको सहभागिता र समन्वयमा अतिक्रमण नियन्त्रणको लागि प्रचारप्रसार मार्फत जनचेतना अभिवृद्धिका कार्य गरिएको छ। यस कार्यालय मातहतमा रहेको सशस्त्र वन रक्षकहरुलाई परिचालन गरी स्थानीय जनसहभागितामा चूरेक्षेत्रमा समेत गस्ती परिचालन गरी वनमा हुने चोरी कटानीलाई नियन्त्रण गरिएको छ भने अवैध रुपमा नदीजन्य पदार्थ उत्खनन् कार्यलाई नियन्त्रण र निरुत्साहित गरिएको छ। वन अतिक्रमण सम्बन्धी विस्तृत विवरण बुँदा नं २.५ मा उल्लेख गरिएको छ।

२.२ वन डढेलो नियन्त्रण तथा व्यवस्थापन

प्रत्येक वर्ष चैत १ गतेदेखि ७ गतेसम्म वन डढेलो नियन्त्रण तथा व्यवस्थापन सम्बन्धी जनचेतना सप्ताहका रूपमा मनाइदै आएको छ। सुरक्षा निकाय र स्थानीय उपभोक्ता समूहको साथ सहयोग लिई वनकर्मीहरुबाट गस्ती परिचालन भई वन डढेलो रोकथाम तथा नियन्त्रणको कार्य भएको छ। डढेलो नियन्त्रण सम्बन्धी प्रचार प्रसारको सामग्री उत्पादन एवं वितरण, वन संरक्षण र डढेलो नियन्त्रण सम्बन्धी रेडियो एफ.एम. मा सूचना प्रशारण गरी जनचेतना अभिवृद्धि कार्य भएको छ। अग्निरेखा निर्माण तथा मर्मतसम्भार, चलनचल्तीका बाटाघाटाको सरसफाई लगायतका कामहरु गरिएको छ। ५,००० लि. क्षमता भएको ४ वटा पानीटंकी र ट्र्याक्टरबाट डढेलो नियन्त्रणको कार्य गरिंदै आएको छ। यस जिल्लाको ५ वटा गस्ती गाडी (पिकअप) र जिल्ला वन पैदावार आपूर्ति समितिको ट्र्याक्टर १, डि. वन का. को ट्र्याक्टर १ र बहालमा लिएको ट्र्याक्टर, स्थानीय तहको दमकल परिचालन गरी वन डढेलो नियन्त्रण एवं व्यवस्थापनको कार्य भएको छ।

२.३ वन पैदावार चोरी निकासी र वन्यजन्तु चोरी शिकार नियन्त्रण

स्थानीय उपभोक्ताहरु समेतको सहभागितामा वनजन्य अपराध न्यूनीकरण गर्न, थप वनक्षेत्र अतिक्रमण हुन नदिई वन संरक्षणलाई कार्य थप प्रभावकारी ढंगले संचालन गरिएको छ। प्रत्येक वर्ष बैशाख १ देखि ७ गतेसम्म वन्यजन्तु सप्ताह मनाइन्छ। वन तथा वन्यजन्तु अपराधमा संलग्न व्यक्ति उपर प्रचलित कानून बमोजिम कारवाही गरी वन संरक्षण कार्यमा प्रभावकारिता ल्याइएको छ। स्थानीय जनसमुदाय तथा नागरिक समाजको समन्वय र सहकार्यमा वनक्षेत्रभित्र थप पक्की चिहान बनाउने कार्यलाई विगत वर्षदेखि नै नियन्त्रण र निरुत्साहित गरिएको छ। स्थानीय संचार माध्यमहरुले समेत वन संरक्षणमा प्रभावकारिता बढेको कुरालाई समय समयमा प्रशारण प्रकाशन गरेको पाइन्छ।

२.४ मोरङ जिल्लामा वनको विवरण

चालु आ.व. सम्ममा व्यवस्थापन भएका वनक्षेत्रहरु तल प्रस्तुत गरिएको छः

क. राष्ट्रिय वनको विवरण

तालिका ४.१ - राष्ट्रिय वनको विवरण

सि.नं.	मोरङमा जम्मा वनको क्षेत्रफल		४४,५४०	हे.	वनक्षेत्रको प्रतिशत
	वनको प्रकार	संख्या	क्षेत्रफल हे.	घरधुरी	
१	सामुदायिक वन	१४१	२२,७६३.०	६३,९६१	५१.११
२	साझेदारी वन	४	७,२६२.०	१,३४,३७२	१६.३०
३	कबुलियती वन	२	७८.०२	-	०.१८
४	धार्मिक वन	१२	४६.९३	६४०	०.११
५	सरकाद्वारा व्यवस्थित वन		१४,३९०.०	-	३२.३१

ख. अन्य वनको विवरण

तालिका ४.२ - अन्य वनको विवरण

सि.नं.	वनको वर्गीकरण	संख्या	क्षेत्रफल (हेक्टर)	कैफियत
१.	निजी वन दर्ता	६१८	७६०.७५	
२.	सार्वजनिक जग्गाको वन	विभिन्न क्षेत्र	१०.९३	
३.	नदी उकास, हैसियत विग्रेको वनक्षेत्रलाई पुनः वन क्षेत्रको रुपमा स्थापना गर्ने, रबर र अगरउड र लाहा खेती विस्तार		३०.७७	
	जम्मा		८०२.४५	

ग. स्थानीय तह अनुसार वनको विवरण

मोरङ जिल्लामा स्थानीय तह अनुसार वनको विवरण हेर्दा ७ वटा स्थानीय तह (सुनवर्षी, विराटनगर, बूढीगङ्गा, ग्रामथान, जहदा, कटहरी र रंगेली) मा वन क्षेत्र रहेको देखिंदैन भने अन्य स्थानीय तहमा वन रहेको देखिन्छ।

तालिका ५ — स्थानीय तह अनुसार वनको विवरण

सि.नं.	स्थानीय तह	जम्मा क्षेत्रफल (व.कि.मी.)	वनक्षेत्र (व.कि.मी.)	वनक्षेत्र (%)
१	केराबारी	२१८.४	१४२.१८	६५.०९
२	लेटाङ्ग	२१७.८	१३८.७८	६३.७८
३	मिक्लाजुङ्ग	१५७.९	८४.०८	५३.२४
४	बेलबारी	१३१.९४	३४.०९	२५.८४
५	कानेपोखरी	८१.७५	१५.३९	१८.८३
६	सुन्दरहरैंचा	१०९.४७	१९.१६	१७.५
७	पथरी-शनिश्चरे	७९.०८	५.२१	६.५९
८	उर्लाबारी	७.११	१.६५	२.२३
९	धनपालथान	६९.८२	०.०७	०.१
१०	रतुवामाई	१४१.२	०.१३	०.०९
११	सुनवर्षी	१०५.७	०.०१	०.०१
१२	विराटनगर	७६.५३	०	०
१३	बूढीगङ्गा	५६.०६	०	०
१४	ग्रामथान	७१.३९	०	०
१५	जहदा	६१.९८	०	०
१६	कटहरी	५१.२७	०	०
१७	रंगेली	१११.०६	०	०

२.५ वन अतिक्रमण क्षेत्रको विवरण

तालिका ६ - वन अतिक्रमणको विवरण

सि.नं.	साविक से.व.का.	साविक गा.वि.स. र वडा	अतिक्रमण भएको स्थान	अतिक्रमण क्षेत्रफल (हे).	संलग्न घरधुरी संख्या	अतिक्रमण शुरु वर्ष (वि.सं.)
१	सलकपुर	याङशिला	याङ्गशिला, कालापानी	१२	१०	२०३६
२	सलकपुर	,,	याङ्गशिला, सतिसाले	१८	३४	२०३६
३	सलकपुर	,,	याङ्गशिला, आँपटार	२२	२५	२०३६

सि.नं.	साविक से.व.का.	साविक गा.वि.स. र वडा	अतिक्रमण भएको स्थान	अतिक्रमण क्षेत्रफल (हे).	संलग्न घरधुरी संख्या	अतिक्रमण शुरु वर्ष (वि.सं.)
४	सलकपुर	केरावारी ६	डाँगी पूच्छार	५	५	२०४६
५	सलकपुर	केरावारी ५	आँपजुङ्गे	३.९६	८	२०४६
६	सलकपुर	केरावारी ३,४	केरावारी सिरान	१०	४०	२०४६
७	सलकपुर	सुन्दरपुर ५,६	डिपुखोला कसेनी फकल्याङ्ग	५	३२	२०४६
८	सलकपुर	मृगौलिया ६	ई.व.का. कम्पाउण्ड	२	४०	२०३६
९	सलकपुर	इन्द्रपुर-३	राष्ट्रिय वन	१०.९४	५३०	२०५८
१०	याङशिला	लामिछानेटार याङशिला-८	राष्ट्रिय वन	७	१०	२०५७/५८
११	याङशिला	चोक्टे याङशिला	प्र.व.सा.	२.५	६	२०५७/५८
१२	बेलवारी	भोगटेनी	खैरेनी राजारानी	२२	२२	२०४६
१३	बेलवारी	भोगटेनी ५	सानोतुर्के	१०	१०	२०४६
१४	बेलवारी	केरावारी ८	खोलाघारी मुगुखोला	१०	१०	२०४६
१५	बेलवारी	केरावारी ९	भलुवा	२	२९	२०४६
१६	बेलवारी	केरावारी ९	भालुगौडा	०.५	८	२०४६
१७	बेलवारी	केरावारी ९	बेलचौरी	१	१७	२०४६
१८	बेलवारी	लेटाङ १	कमलपुर गाउँ	१२	३२	२०३६ अघि
१९	बेलवारी	लेटाङ १	कमलपुर सिरान गाउँ	१२	११	२०३६ अघि
२०	बेलवारी	लेटाङ २	त्रिशुली बजार	२	११३	२०३६ अघि
२१	बेलवारी	लेटाङ ३	सुकेचौरी	३	३२	२०३६ अघि
२२	बेलवारी	लेटाङ ६	बाखा हाट	१	३०	२०३६ अघि
२३	बेलवारी	लेटाङ ३, ५	खेरुवा	१		२०३६
२४	बेलवारी	लेटाङ ६	भलाआदमी टोल	४	७५	२०३६
२५	बेलवारी	लेटाङ ४	खेरुवा गाउँ	२	१५	२०३६
२६	बेलवारी	लेटाङ ६	लेटाङ बजार	६०	३००	२०५६
२७	बेलवारी	वयरवन ९	दहिखोला पूर्व डासखोला पश्चिम	५४	१२०	२०३६ पछि
२८	बेलवारी	वयरवन ९	दहिखोलाा पूर्व हरि चौरीको उत्तर एवं दक्षिण	३४.३९	५५	२०३६ पछि
२९	बेलवारी	वयरवन ९	पच्चीस बिघेदेखि शुक्रबारेको बाटोसम्म	२	११	२०३६ पछि
३०	बेलवारी	वयरवन ९	शान्तिचोकदेखि शुक्रबारेसम्म	०.५	८	२०३६ पछि

सि.नं.	साविक से.व.का.	साविक गा.वि.स. र वडा	अतिक्रमण भएको स्थान	अतिक्रमण क्षेत्रफल (हे).	संलग्न घरधुरी संख्या	अतिक्रमण शुरु वर्ष (वि.सं.)
३१	बेलवारी	वयरवन ९	शुक्रबारेदेखि आईतवारेसम्म	२	३०	२०३६ पछि
३२	बेलवारी	वयरवन ९	कानेपोखरी	३	५५	२०३६ अघि
३३	बेलवारी	केरौन १	जहदा	३	२९	२०४६
३४	बेलवारी	बाहुनी ९	राधानगरदेखि चिसाङ खोलासम्म	२.५	३९	२०४६
३५	बेलवारी	बेलवारी २	पूरानो बेलवारी राजमार्ग उत्तर	४	१३०	
३६	बेलवारी	बेलवारी १	भेडा र गाईघाट	२	२०	२०४६
३७	मंगलबारे	जाते ४	गुप्ती	१०	३०	२०४६
३८	मंगलबारे	जाते ८	जाँते	३		२०४६
३९	मंगलबारे	टाडी ४	हात्तीमारा	४५	१०	२०४६
४०	मंगलबारे	टाडी १	टाँडी-१	३	८	२०४६
४१	मंगलबारे	मधुमल्ला ३,४	मावा तोरीवारी, नुनसरी आमवारी	२७	२९१	२०३६
४२	मंगलबारे	मधुमल्ला २	स्कूल उत्तर नयावस्ती	५	५५	२०४६
४३	मंगलबारे	मधुमल्ला ५, टाँडी ८	कैदले कालीदह टाँडी–८ आँपझोला तिल्केनी	९२	१५५	२०३६
४४	मंगलबारे	मधुमल्ला ९	कतले	२	३	२०४६
४५	मंगलबारे	मधुमल्ला ९	चिसापानी	०.५	२	२०४६
४६	मंगलबारे	मधुमल्ला ३	छत्तिसविघे	३	२६	२०३६
४७	मंगलबारे	उर्लावारी ७	डुम्रे सिरुझार	७	५०	२०४६
४८	मंगलबारे	उर्लावारी ७	कडुले	५	२२	२०४६
४९	मंगलबारे	उर्लावारी ६	सालवारी	२	१५	२०४६
५०	मंगलबारे	उर्लावारी ६	उर्लावारी-६	३.५	१२१	२०४६
५१	मंगलबारे	उर्लावारी ६	उर्लावारी-८	१.२	८	२०४६
५२	मंगलबारे	पथरी १	काइलोचोक ठाडोलाइन	१	७०	२०३६
५३	मंगलबारे	पथरी	फक्लैण्ड टापु	२	१९०	२०३६
५४	मंगलबारे	पथरी १	खोलापूर्व	०.५	७०	२०३६
५५	मंगलबारे	पथरी १	बुद्धचौक	३	३	२०३६ पछि
५७	मंगलबारे	पथरी १	जयचौक बोकोचौक	१	४	२०३६
५८	मंगलबारे	पथरी ९	बोकेचौक	३	२	२०३६
५९	मंगलबारे	पथरी १	मन्दिर पूर्व	२	२९	२०४६

सि.नं.	साविक से.व.का.	साविक गा.वि.स. र वडा	अतिक्रमण भएको स्थान	अतिक्रमण क्षेत्रफल (हे).	संलग्न घरधुरी संख्या	अतिक्रमण शुरु वर्ष (वि.सं.)
६०	पथरी ई.व.का.	पथरी-१	प्र.व.सा.	२	०	२०६४
६१	पथरी ई.व.का.	जाँते-९	कोपिला सा.व.	३	९	२०५६
६२	पथरी ई.व.का.	जाँते-४	वरडाडे सा.व.	२	२७	२०५६
६३	पथरी ई.व.का.	जाँते-३	धानखेती सा.व.	२	१	२०६०
६४	पथरी ई.व.का.	जाँते-३	नमूना हरियालीसा.व.	२	१०	२०६०
६५	पथरी ई.व.का.	बरालेथुम्की	रा.व.	२	०	२०६०

२.६ वन क्षेत्रको गस्ती र वन/वन्यजन्तु संरक्षण

मोरङ जिल्लाको वनक्षेत्रको गस्तीको लागि जिल्लास्थित सशस्त्र वन सुरक्षाकर्मी र वन प्रशासनका सबै कर्मचारीहरुलाई परिचालन गरी वन पैदावार चोरी तस्करी तथा वन्यजन्तुको अवैध शिकार हुने विभिन्न सम्वेदनशील नाकाहरुमा स्थानीय सामुदायिक/साझेदारी वन व्यवस्थापन समूह/समितिको पदाधिकारीहरु एवं वन हेरालुहरु समेतको सहयोगमा गस्ती परिचालन गरी वन संरक्षणमा प्रभावकारिता ल्याइएको छ। यस जिल्लाभित्रका सुरक्षा निकायहरु तथा जिल्लासंग सिमाना जोडिएका सुनसरी, झापा, धनकुटा र इलामका डिभिजन वन कार्यालयहरुसंग समय समयमा समन्वय गरी भैरहेको गस्ती परिचालन, वन तथा वन्यजन्तु सम्बन्धी अपराधमा संलग्नहरुलाई नियन्त्रणमा लिई कानूनी कारवाहीको लागि सम्मानित जिल्ला अदालतमा मुद्दा दायर गरिएको छ।

२.७ नदीजन्य पदार्थको अवैध उत्खनन नियन्त्रण र व्यवस्थापन

यस जिल्लाको खासगरी गछिया र चिसाङ खोलामा अवैध ढुंगा गिट्टी बालुवा उत्खनन् एवं संकलनको कार्य हुने गरेको छ। यी खोलाहरुलाई आधार बनाई अधिकांश क्रसर उद्योगहरुबाट स्थानीय तहहरुबाट टेण्डर प्रकृयामा ठेक्का प्राप्त गरी ढुङ्गा, गिट्टी, बालुवा उत्खनन तथा संकलन गरी उद्योगहरु संचालन भईरहेको अवस्था छ। दिनानुदिन एक सय भन्दा बढी संख्यामा ट्याक्टरहरु यस कार्यमा प्रयोग भई संचालनमा रहेको अवस्थामा वनक्षेत्र भएर बग्ने खोलाको उत्खनन कार्य नियन्त्रण गर्न अत्यन्तै कठिनाई र डिभिजन वन कार्यालयको वन र वन्यजन्तु संरक्षण एवं अन्य वन विकास कार्यको चापको बावजुद बिभिन्न सरोकारवाला निकायहरु एवं सुरक्षा निकायहरुसंग समन्वय र सहकार्य गरी डिभिजनल वन अधिकृत स्वयं समय समयमा छड्के गस्ती एवं वन सुरक्षाकर्मीलाई अत्यधिक रुपमा गस्तीमा खटाई विगतमा वन क्षेत्र भएर

बग्ने खोला भित्र डोजर, एक्सक्याभेटर, लोडरजस्ता हेभी ईक्वीप्मेन्टको प्रयोगलाई धेरै हदसम्म नियन्त्रण गर्न सफल भएको छ।

यस जिल्लाको वनक्षेत्र भएर बग्ने गछिया/खदम खोला, लोहन्द्रा खोला, चिसाङ खोला, तेली र सफेवा खोला, बक्राहा खोला आदिमा विगतका वर्षहरुदेखि नदीजन्य पदार्थ अत्यधिक मात्रा थुप्रिन गई वनजंगलको वृद्धि विस्तारमा ह्रास ल्याउनु, नजिकैको गाउँवस्तीमा बाढी पसी धनजनको क्षति गर्न सक्ने कार्यलाई रोक्न नदिजन्य पदार्थ ओभरडिपोजिट भएका ठाउँबाट निकाली जोखिम कम गर्नलाई चालु आ.व.मा गछिया/खदम खोलाको प्रारम्भिक वातवरणीय परीक्षण प्रतिवेदन तयार गरिएको छ।

२.८ प्राकृतिक पुनरोत्पादन अभिवृद्धिको कार्य

विगत वर्षहरुमा वैज्ञानिक वन व्यवस्थापन प्रणालीमा आधारित सामुदायिक तथा साझेदारी वनहरुको पुनरोत्पादन कटान भएका क्षेत्रको साथै पुनरोत्पादन अभिवृद्धि नभएका वन क्षेत्रहरुमा वन उपभोक्ता समूहहरुको साझेदारीमा प्रदेश सरकार र संघीय सरकार (चूरे उत्थानशील आयोजना) को कार्यक्रम संचालन गरी पुनरोत्पादन अभिवृद्धिका कार्यहरु अन्तर्गत वनजंगलको घेराबेरा, विरुवा गोडमेल, झाडी सफाई तथा वृक्षारोपण समेत गरिएको छ।

यस कार्यको लागि निम्न विधि अपनाइएको थियो।

१. सम्बन्धित सामुदायिक वा साझेदारी वनको स्वीकृत कार्ययोजना बमोजिम खण्ड वा प्लट छनौट गर्ने (कम्तीमा १ हे.),
२. पुनरोत्पादन कमजोर भएका वनक्षेत्र वा प्लट छनौट गर्ने (वनक्षेत्र सर्वेक्षण गरेर वा कार्ययोजनाको तथ्यांकमा आधारित रहेर),
३. पुनरोत्पादन अभिवृद्धि गर्न झाडी सफाई, गोडमेल, खनजोत, नियन्त्रित आगो लगाउने, बूढा रुख हटाउन सकिने (माउँरुखको अवस्था हेरी), विरुवा रोपण गर्न सकिने, बीउ छर्न सकिने आदि,
४. साल Dominated वनक्षेत्र भएमा पुनरोत्पादनको अवस्था कमजोर भएको देखिएमा ती छनौट भएको प्लटमा बूढा, रोग लागेका रुखहरु हटाउन सकिने (स्वीकृत कार्ययोजनाको वार्षिक स्वीकार्य भित्र रहेर),
५. छनौट गरिएको प्लट घेराबेरा गर्ने।

प्राकृतिक पुनरोत्पादन अभिवृद्धि कार्यक्रम यस आ.व. मा निम्न समूहहरुमा संचालन गरिएका थिएः-

तालिका ६ - प्राकृतिक पुनरोत्पादन अभिवृद्धि (**Assisted Natural Regeneration**) को कार्यको विवरण

S.N.	Sub division	CFUGs name and address	ANR ha.
1	Letang	Panchkanya CF, Letang 1	3
2	Belbari	Amana sishauli CF, Belbari 1	4
3	Latijhoda	Tribeni CF, kerabari 5	1
4	Latijhoda	Simana CF, kerabari 5	1
5	Pathari	Mankamna CF, pathari 1	1
6	Latijhoda	Sundar CF, Sundar haricha NP 6	3
7	Letang	Garapani CF, letang 2	2.3
8	Jante	Basant Hariyali CF, Letang 9	2
9	Belbari	Laxmi CF, Belbari 11	2.5
10	Kerabari	Amjungi CF, kerabari 8	1.41
11	Pathari	Sundar CF, pathari 1	1
12	Salakpur	Srijana CF, sundar haraicha NP 7	2.22
13	Jante	kopila CF, Letang 9	4
14	Kerabari	Belchauri CF, kerabari 9	1.5
15	Kerabari	Garamjhoda CF, kerabari 9	1.22
16	Mangalbare	Salbari CF, Urlabari 2	5
17	Letang	Rajarani CF, Letang 1	3.38
18	Latijhoda	Sidhartha CF, Sundar haraicha 6	1
19	Belbari	Singhdebi CF, Belbari 8	4
	Total of ANR		**44.53**

परिच्छेद ३ - वन संवर्द्धन र व्यवस्थापन

३.१ परिचय

डिभिजन वन कार्यालय, मोरङको आवधिक योजना सहितको रणनीतिक योजना (२०७९/०८० देखि २०८३/०८४) पर्यटन, वन तथा वातावरण मन्त्रालय, कोशी प्रदेश (सचिवस्तर) को मिति २०७९/०९/२६ गतेको निर्णयबाट स्विकृत भएको छ र सो आवधिक योजनाको आधारमा नियमित कामहरु संचालन भईरहेका छन्। प्रदेश सरकार, कोशी प्रदेश, पर्यटन, वन तथा वातावरण मन्त्रालयबाट स्विकृत डिभिजन वन कार्यालयहरू, प्रदेश वन विकास तथा व्यवस्थापन कार्यक्रम, प्रदेश हरित अभियान कार्यक्रम, वातावरण संरक्षण कार्यक्रम र संघीय सशर्त अनुदान तर्फका वन तथा भू-संरक्षण, डिभिजन वन कार्यालयहरू (वन सुरक्षा सैनिक समेत), राष्ट्रिय वन विकास तथा व्यवस्थापन कार्यक्रम, जडिबुटी विकास र वातावरण विभाग भन्ने कार्यक्रमहरु स्वीकृत भई कार्यान्वयन भएको छ।

यस जिल्लामा रहेका ४ बटा साझेदारी वनहरु क्रमशः लाटीझोडा, लोहन्द्रा-केराबारी, बेलबारी-चिसाङ र पथरी-शनिश्चरे साझेदारी वन व्यवस्थापन कार्यान्वयन अन्तर्गत कार्यान्वयन इकाईको वैठक, वार्षिक योजना तयारी तथा साधारणसभाबाट पारित भई सो को कार्यान्वयन भएको साथै खोला किनार संरक्षण, वन हेरालुको कामको निरन्तरता, वन डढेलो रोकथाम तथा नियन्त्रण, वनजंगल र वन्यजन्तु संरक्षण कार्यमा गस्ती कार्यलाई तीब्र पारिएका छन्।

यसैगरी यस आ.व. मा ४ वटा सामुदायिक वन उपभोक्ता समूह दर्ता भई कूल जम्मा १४१ वटा सामुदायिक वन रहेको छ र सो मध्ये कार्ययोजनाको म्याद सकिएका मध्ये १० वटा लक्ष्य तोकिएको भएपनि १४ वटा सामुदायिक वनका वन कार्ययोजनाहरु नवीकरण र १० वटा सामुदायिक वन उपभोक्ता समूहको विधान संशोधनका काम भएका छन्। (**तालिका ८ र ९** मा नवीकरण भएको सामुदायिक वनहरुको नामावली समावेश गरिएको छ)। गठन भई सकेका १४१ वटा सामुदायिक वन समूहको अनुगमनका काम समेत संचालन भएको छ।

यस जिल्लामा आ-आफ्नो निजी नम्बरी जग्गामा निजी वन र कृषि वन लगाउन कृषकहरु निकै नै उत्साहित देखिएका छन्। आ-आफ्नो बारी, खेतको आली र खेती हुने जग्गामा समेत बिरुवा लगाई हरियाली प्रवर्द्धनतर्फ उन्मुख देखिन्छ। वन ऐन, २०७६ अनुसार निजी वन दर्ता गर्ने निकाय स्थानीय तह भए पनि प्राविधिक सहयोग यस कार्यलयबाट प्राप्त हुने भएकोले निजी

वन दर्ता गर्ने वार्षिक लक्ष्य थिएन। तसर्थ गत आ.व. सम्मको यस जिल्लामा दर्ता भएका निजी वनहरुको संख्या ६१८ र क्षेत्रफल ७६०.७५ हे. रहेको छ।

३.२ वन व्यवस्थापन कार्ययोजना कार्यान्वयनका अवस्थाहरु

(क) साझेदारी वनहरु

कोशी प्रदेश वन नियामावली, २०८० अनुसार साझेदारी वनक्षेत्रमा ढलापडा रुखहरु संकलन गरी गराई घाटगद्दी सुरक्षित गरिएको छ। वनको संरक्षण, संवर्द्धन र वन व्यवस्थापन तथा वन्यजन्तुको संरक्षण र प्रशासनिक कार्यहरु नियमित रुपमा संचालन भए। साझेदारी वनमा संचालित भएका केही मुख्य क्रियाकलापहरु यस प्रकार रहेका छन्।

१. लाटीझोडा साझेदारी वन

- गत विगतका वर्षहरुमा भएका पुनरोत्पादन कटान क्षेत्र (कुप) हरुमा २० हे. क्षेत्रफलमा झाडी सफाई, गोडमेल र बिरुवाको अवस्था कमजोर रहेका प्लटहरुमा वृक्षारोपण समेत भएका छन्।
- साझेदारी वनको नर्सरीबाट कुरिलोको विरुवा ४,००० गोटा उत्पादन भएका छन्।
- ढलापडा काठ २१,०७२ क्यू.फि. र ४० चट्टा दाउरा उत्पादन भएका छन् भने १/४ चट्टा २ घरधुरीलाई विक्री वितरण भएका छन्।
- वन विकास र वन संवर्द्धनका कार्यहरु गर्दा अनुमानित १,०६५ श्रमदिन रोजगारी सिर्जना भएका छन्।

२. लोहन्द्रा-केराबारी साझेदारी वन

- नर्सरीमा विभिन्न प्रजातिको १,०२,०६४ गोटा विरुवा उत्पादन भएका छन् भने यस अवधिसम्म ३०,८८२ गोटा बिरुवा वितरण गरेका छन्।
- ढलापडा काठ ३३,६७० क्यू.फि. र १८.५ चट्टा दाउरा उत्पादन भएका छन् ८४५.७१ क्यू.फि. काठ ३४ घरधुरी र १,१५० के.जी. दाउरा ४ घरधुरीलाई विक्री वितरण भएका छन्।
- वन विकास र वन संवर्द्धनका कार्यहरु गर्दा अनुमानित ४,५४६ श्रमदिन रोजगारी सिर्जना भएका छन्।

३. बेलबारी चिसाङ साझेदारी वन

- विभिन्न जातका २५,००० गोटा विरुवा उत्पादन भएको छ।

- खोला किनार/नदी उकास १.९ हे. जग्गामा खयर, बाँस आदिको वृक्षारोपण गरिएको छ भने विगत आ.व. मा पुनरुत्पादन कटान भएको क्षेत्रमा १०.२८ हे. मा पुनरुत्पादन स्थापनाका लागि गोडमेल एवं झाडी सफाईका कार्यहरु भएको छ।
- वन विकास र वन संवर्द्धनका कार्यहरु गर्दा अनुमानित १,१९५ श्रमदिन रोजगारी सिर्जना भएको छ।
- वन्यजन्तु र मानव बीच हुने द्वन्द्वका कारण जोखिम न्यूनीकरण गर्न वनजंगल नजिकको गाउँवस्तीमा १०० वटा टर्च लाईट वितरण गरिएको छ। खासगरी, हात्ती प्रभावित क्षेत्रहरुमा रातीको बेला हात्ती व्यवस्थापन गर्न टर्च लाईटको आवश्यकता हेरी उपभोक्ताहरुलाई वितरण गरिएको छ।
- ढलापडा काठ-दाउरा संकलनबाट ६,१३५.२२ क्यू.फि. काठ र ७ चट्टा दाउरा उत्पादन भएको छ, जसमध्ये ४४६.३२ क्यू.फि. काठ (३१ घरधुरीलाई) र २.५ चट्टा दाउरा (३१ घरधुरीलाई) विक्री वितरण भएको छ।

४. पथरी-शनिश्चरे साझेदारी वन

- विगत वर्षहरुमा कटान भएका २०.४ हे. पुनरोत्पादन कटान क्षेत्रहरुमा झाडी सफाई र गोडमेल कार्य सम्पन्न भएको छ।
- पुनरोत्पादन कमजोर रहेको करिब ७ हे. प्लटमा वृक्षारोपण कार्य सम्पन्न भएको छ।
- ढलापडा काठ ३८,६५०.४२ क्यू.फि. र ४४.३६ चट्टा दाउरा उत्पादन भएको छ, जसमध्ये १,०७३.८५ क्यू.फि. काठ (४० घरधुरी) र ०.२५ चट्टा दाउरा (१ घरधुरीलाई) विक्री वितरण भएको छ।
- वन्यजन्तुको लागि वनजंगल क्षेत्रमा ९८० गोटा फलफूलजन्य विरुवा रोपण गरेका छन्।

(ख) सामुदायिक वनहरुमा वन व्यवस्थापन

नेपाल सरकारबाट वैज्ञानिक वन व्यवस्थापन कार्यविधि, २०७१ खारेज भएपछि वैज्ञानिक वन व्यवस्थापन प्रणालीमा आधारित रही कार्यान्वयनमा रहेका कार्ययोजनाहरु सम्बद्ध सामुदायिक वन उपभोक्ता समूहको निर्णयानुसार साधारण वन कार्ययोजना तयार गरी कार्यान्वयन गरिएका छन्। साथै विगत वर्षहरुमा पुनरोत्पादन कटान भएका प्लटहरुमा डि.व.का. को समेत सहयोगमा

करिब ४९.१ हे. भन्दा बढी क्षेत्रफलमा झाडी सफाइ र गोडमेलको कार्य गरिएका छन्। साथै आवश्यकता अनुसार समृद्धि वृक्षारोपणको कार्य पनि भएका छन्।

(ग) घाटगद्दी व्यवस्थापन

सरकारद्वारा व्यवस्थित वनबाट उत्पादन भएका काठ-दाउरा व्यवस्थित गर्न सव-डिभिजन वन कार्यालय, लेटाङ र कानेपोखरीमा घाटगद्दी कम्पाउण्डको झाडी सफाई, ग्रेभल फिलिङ तथा बाटो सुधार, वन डढेलो नियन्त्रण र काठ दाउराको व्यवस्थापन गरिएको छ। साथै सम्बद्ध वन समूहहरुबाट आ-आफ्नो घाटगद्दीस्थलको व्यवस्थापन गरिएको छ। यसका साथै पथरी, जाँते र सलकपुर सव-डिभिजन वन कार्यालयहरुमा कार्यालय र काठ दाउराको सुरक्षाको लागि घाटगद्दी निर्माणको कार्य सम्पन्न भएको छ।

(घ) वृक्षारोपण कार्य

आ.व. २०८१।८२ मा भएको वृक्षारोपणको विवरण निम्न तालिकामा देखाएको छ।

तालिका ७ - वृक्षारोपण कार्यको विवरण

सि.नं.	सब डि.व.का.	वन उपभोक्ता समूहको नाम र ठेगाना	हे.	प्रजाति
१	सलकपुर	सलकपुर सा.व. सुन्दरहरैचा न.पा. ८	२.६७	साल, कर्मा, जामुन, निम आदि
२	सलकपुर	सुकुना सा.व. सुन्दरहरैचा न.पा.१०	४.४५	टीक, खयर, मसला, साल, निम, औटेङ्गा
३	केराबारी	देवीझोडा सा.व. केराबारी गा.पा. ९	०.५४	बाँस, सिसौ, अम्बक, गोल्डमोहर, रुद्राक्ष
४	लेटाङ्ग	जनचाहना सा.व. लेटाङ्ग न.पा. २	२.८४	साल, कर्मा, जामुन, आदि
५	लेटाङ्ग	किर्तिमान सा.व. लेटाङ्ग न.पा. २	२.४०	खयर, टीक, अमला, जामुन, तेजपात
६	बेलबारी	नक्सल सा.व. बेलबारी न.पा. १	२.१६	सतिसाल, सुपारी, तित्री, जामुन आदि
७	कानेपोखरी	भुल्केसुन्तली सा.व. कानेपोखरी गा.पा. ६	४.२०	जामुन, कर्मा, चिउरी, कटहर, तेजपात
८	बेलबारी	लक्ष्मी सा.व., बेलबारी ११, अगरवुड खेती	२.११	अगरवुड, रक्तचन्दन ।
९	पथरी	महिला जागृति सा.व. लाहाखेती वृक्षारोपण	१.०९	सेमियालता, कुसुम
१०	पथरी	पशुपति सा.व. लाहा खेती वृक्षारोपण	२.१२	सेमियालता, कुसुम
११	केराबारी	हिमचुली सा.व. केराबारी ३, रबरखेती	२.१९	रबर प्लान्ट
१२	लाटीझोडा	लाटीझोडा साझेदारी वन	२.००	खयर, जामनु, सतिसाल
१३	बेलबारी	बेलबारी चिसाङ साझेदारी वन	२.००	खयर, जामुन
जम्मा			**३०.७७**	

प्रदेश हरित अभियान कार्यक्रमको विस्तृत विवरण

सि.नं.	सब-डि.व.का.	वन संरक्षण समितिको नाम र ठेगाना	हे.	प्रजाति
१	रंगेली	डाँसखोला किनार वृक्षारोपण समिति, सुनवर्षी न.पा. १	२.६१	बाँस
२	रंगेली	मंगलसिह मा.वि., सुनवर्षी न.पा. १	०.६५	
३	विराटनगर	आदर्श शिक्षा निकेतन आधारभूत विद्यालय, ग्रामथान गा.पा. ५	१.००	कदम अशोक मसला
४	विराटनगर	कब्रिस्थान जग्गा सं. समिति, कटहरी ४	०.४०	अशोक मसला
५	विराटनगर	कमलपोखरी वन उ.स., विराटनगर १८	०.८१	गोल्डमोहरु, लहरे पिपल, कटहर
६	रंगेली	कमलपोखरी वृक्षारोपण समिति, सुनवर्षी १	१.११	कदम, टीक, मसला, गोल्डमोहर
७	विराटनगर	सिंगिया र स्वर्गद्वारी घाट वन संरक्षण समिति, कटहरी १ (सिंघिया घाट)	०.५१	कदम, टीक, मसला, गोल्डमोहर
८	विराटनगर	सिंगिया र स्वर्गद्वारी घाट वन संरक्षण समिति, कटहरी २ (स्वर्गद्वारी घाट)	०.२३	कदम, टीक, मसला, गोल्डमोहर
९	विराटनगर	आर्यघाट निर्माण उ.स., बूढीगंगा ६	१.००	कदम, टीक, मसला, गोल्डमोहर
१०	विराटनगर	कोठीया कब्रिस्थान समिति, बूढीगंगा ५	०.३२	
११	विराटनगर	श्री आचार्य कल्याण समाज मोरङ, बूढीगंगा १	०.२७	बाँस, गोल्डमोहर, आँप
१२	विराटनगर	बनरखोखिया वन संरक्षण उ.स., जहदा ३	०.८५	
१३	रंगेली	लुचीडाँगी ग्रामथान समिति, रंगेली १	०.६१	
१४	विराटनगर	गणेश मा.वि. ग्रामथान ७	०.५६	
जम्मा			**१०.९३**	
कूल जम्मा			**४१.७०**	

३.३ वन्यजन्तु तथा बासस्थान संरक्षण

जिल्लाभित्र रहेका वन्यजन्तुको संरक्षणको लागि डि.व.का., सव डि.व.का. हरुबाट विभिन्न प्रकारका चेतनामूलक तथा नियमन गर्ने कार्यक्रमहरु संचालन गरिदै आएको छ। यस जिल्लामा वन्यजन्तु संरक्षणका लागि विशेष सुराकी परिचालन तथा वन कर्मचारीहरुद्वारा नियमित गस्ती कार्य गरिएका छन्। जस अन्तर्गत जिल्लामा, बँदेल, चितल आदिको सम्भावित बासस्थान

पत्ता लगाउने, वन्यजन्तु हिंडडुल गर्ने मार्ग तथा शिकारीहरुले शिकारका लागि प्रयोग गर्ने मार्गहरुको पहिचान गर्ने, शिकारमा संलग्न शंकास्पद व्यक्ति तथा समुदायको निगरानी गर्ने जस्ता कार्यहरु गरिएका छन्। जिल्लामा सामुदायिक वन समूहहरु, साझेदारी वन उपभोक्ता समूह, अन्य सरोकारवाला संघ-संस्था तथा निकायको सहकार्य र समन्वयमा समयमै सूचना आदान प्रदान गर्ने तथा चोरी शिकार नियन्त्रणका कार्यहरु गर्दै आएका छन्। चोरीशिकारी तथा वन्यजन्तु सम्बन्धी अपराधहरुका अध्ययन अनुसन्धान गरी अभियुक्त उपर कानूनी कारवाही गर्ने कार्यलाई पनि प्रभावकारी बनाइएको छ।

वन्यजन्तु संरक्षणको क्षेत्रमा यस जिल्लामा थप निम्न अनुसारका कार्यक्रमहरु सञ्चालन भईरहेका छन्।

- वन कार्यालय तथा सामुदायिक वन उपभोक्ता समूहबाट वन्यजन्तु उद्धार, उपचार तथा पुनःस्थापना,
- वन, वन्यजन्तु तथा मानव बीचको सह-अस्तित्व तथा वन्यजन्तुको महत्व सम्बन्धमा स्थानीय एफ. एम. रेडियोबाट प्रचार प्रसार,
- वन्यजन्तु उपचारार्थ केज ,र होर्डिङ बोर्ड निर्माण (पिंजडा),
- मानव वन्यजन्तु द्वन्द्व न्यूनीकरण र व्यवस्थापनका लागि जनचेतनामूलक कार्यक्रम सञ्चालन,
- प्राविधिक जनशक्ति तथा सामाग्री सहितको वन्यजन्तु उद्धार केन्द्र (Rescue centre) स्थापनाको लागि तालुक निकायमा माँग गरिएको,
- वन क्षेत्रमा वन्यजन्तुहरुको आहाराको लागि वनजन्य फलफूल विरुवाको रोपण,
- वन्यजन्तुको जैविक मार्गमा संरक्षण पोखरीको निर्माण।

तालिका ८ – वन कार्ययोजना नवीकरण भएका सामुदायिक वनहरुको विवरण

सि.न.	सा.व.उ.स.	ठेगाना	समूह गठन मिति	पछिलो विधान संशोधन मिति	घरधुरी	जनसंख्या	हस्तान्तरण मिति	समूह संकेत/ टाँचा नं.	क्षेत्रफल (हेक्टर)	पुनरावलोकन मिति	का.यो. अवधि	सव डि.व.का.
१	राजापोखरी	लेटाङ न.पा.१, २	२०५६.१२.२१	–	२४६	१०२७	२०७५.०२.३०	MOR/BE/63/15	२०७.९८	२०८१.०६.२९	१० वर्षे	लेटाङ्ग
२	जलकन्या	केरावारी ५, पाचकन्या-१,२,३, सुनसरी	२०५९.०२.१९	–	२४५	१०८४	२०६२.०१.२८	MOR/YA/62/03	१००.०२	२०८१.०९.२४	५ वर्षे	लाटीझोडा
३	सयपत्री	केरावारी गा.पा.५	२०५९.२.१७	–	१६१	७६०	२०६२.०१.२८	MOR/YA/62/02	१००.०३	२०८१.१०.०९	५ वर्षे	लाटीझोडा
४	जनज्योति	उर्लावारी न.पा.०१,	२०७१.०५.०८	२०८०.१०.२१	६९६	४६४४	२०७१.०५.०८	MOR/DH/07/06	२२२.५०	२०८१.१०.१८	५ वर्षे	मंगलवारे
५	डाँसमोरङ्गी	पथरी शनिश्चरे न.पा.१०	२०५८.१०.१५	२०७९.१०.१०	३७९	१७०७	२०७२.१०.२५	MOR/BA/10/02	१९४.०२	२०८१.१०.२२	५ वर्षे	कानेपोखरी
६	महिला जागृति	पथरी शनिश्चरे न.पा. ९	२०६३.११.१५	२०७९.१०.१९	५१४	२८४७	२०७२.०३.२४	MOR/BA/10/01	१७४.३२	२०८१.१०.२२	५ वर्षे	कानेपोखरी
७	प्रगतिशील	उर्लावारी न.पा. ०२	२०७१.०५.१९	–	३५३	१६६६	२०७१.०५.१९	MOR/JR/07/08	१४२.७१	२०८१.१०.२८	५ वर्षे	मंगलवारे
८	सिता छ्यारे	पथरीशनिश्चरे न.पा. ९	२०५८.१०.१४	२०७९.१०.२२	४२८	२०४१	२०६६.०२.२४	MOR/BA/11/03	१६६.२४	२०८१.११.०१	५ वर्षे	कानेपोखरी
९	सृजना	उर्लावारी न.पा. २,३	२०६५.१२.१७	२०८०.११.१८	५९९	२८९१	२०७१.०४.२७	MOR/JR/06/04	१४५.६९	२०८१.१२.०७	५ वर्षे	मंगलवारे
१०	मिक्लुङ	मिक्लाजुङ्ग ६,९/उर्लावारी १	२०७१.०५.२०	२०७९.१२.२८	९८७	५०१८	२०७१.०५.२०	MOR/MA/07/07	२२७.३५	२०८१.१२.१२	५ वर्षे	मंगलवारे
११	हरियाली	उर्लावारी न.पा.-१	२०७१.०४.२७	२०८०.११.१३	१२२	५३२	२०७१.०४.२७	MOR/DH/07/04	१०३.२०	२०८१.१२.१३	५ वर्षे	मंगलवारे
१२	विशाल	पथरी-शनिश्चरे न.पा. ६	२०५९.०९.१२	२०८२.२.४	८२	३९७	२०७०.११.१२	MOR/PA/ 21 /01	६.५८	२०८२.०२.०४	१० वर्षे	पथरी
१३	महाराजाथान भल्खुवा	रतुवामाई न.पा. १	२०७२.०२.२५	२०८२.०२.१२	३०३	१४६७	२०७२.०२.२५	MOR/JR/17/01	५.४७	२०८२.०२.१२	१० वर्षे	रंगेली
१४	स्थानीय ग्रामीण श्रृजना	कानेपोखरी गा.पा.३	२०६०.११.२१		१०७	५७८	२०७२.०७.२३	MOR/BA/11/04	२९.९९	२०८२.०३.२४	५ वर्षे	कानेपोखरी
	जम्मा				**५२२२**	**२६६५९**			**१८२६.१**			

तालिका ९ – आ.व.२०८१/८२ मा गठन भएका सामुदायिक वन उपभोक्ता समूहको विवरण

सि.नं.	सा.व.उ.स.	ठेगाना	समूह गठन मिति	घरधुरी	जनसंख्या	हस्तान्तरण मिति	समूह संकेत/ टाँचा नं.	क्षेत्रफल (हेक्टर)	कार्ययोजना अवधि	हस्तानतरण आ.व.	कैफीयत
१	सेहेरा	केरावारी गा.पा.०५, मोरङ	२०६८.०१.२५	६४	२६०	२०८१.०४.१६	MOR/YA/62/11	१५४.०४	५ वर्षे	२०८१.८२	लाटीझोडा
२	आहाले	केरावारी गा.पा.०५, मोरङ	२०७०.०३.२४	४०	३०२	२०८१.०४.१६	MOR/YA/62/12	९७.९४	५ वर्षे	२०८१.८२	लाटीझोडा
३	बुढीगंगा	केरावारी गा.पा.०४, मोरङ	२०८१.०४.१६	३३	१५१	२०८१.०४.१६	MOR/YA/62/13	२५३.९९	५ वर्षे	२०८१.८२	लाटीझोडा
४	धरधरे	केरावारी गा.पा. ०९ मोरङ	२०६६.१०.०५	२६६	९७५	२०८२.०१.२१	MOR/KE/61/14	१२४.६७	५ वर्षे	२०८१.८२	केराबारी
जम्मा				**४०३**	**१६८८**			**६३०.६४**			

परिच्छेद ४ - वन पैदावार उत्पादन, सदुपयोग तथा राजश्व संकलन

४.१ परिचय

प्रदेश वन विकास तथा व्यवस्थापन कार्यक्रम अन्तर्गत यस जिल्लाको सरकारद्वारा व्यवस्थित वनबाट ढलापडा संकलन गर्ने कार्यक्रमबाट जम्मा १,०६,६९९.८५ क्यू.फि. काठ र ३१६.९५ चट्टा दाउरा उत्पादन एवं संकलन भएको छ । यस जिल्लाका ९७ वटा सामुदायिक वनहरुबाट चालु आ.व. २०८१/०८२ मा २,४६,५८५ क्यू.फि. काठ र ७५८ चट्टा दाउरा उत्पादन एवं संकलन भएको छ । यस अवधिमा निजी नम्बरी आवादीबाट ६,०५,६०३.२९३ क्यू.फि. काठ र २,३९४.२३ चट्टा दाउरा उत्पादन भएको छ ।

तालिका १० – आ.व. २०८१/८२ मा उत्पादन भएको वन पैदावारको विवरण

सि.नं.	वनको किसिम	उत्पादन			विक्री वितरण		
		काठ (क्यू.फिट)	दाउरा (चट्टा)	जडिबुटी (के.जी.)	काठ (क्यू.फिट)	दाउरा (चट्टा)	जडिबुटी (के.जी.)
१	सरकारद्वारा व्यवस्थित वन	१,०६,६९९।८५	३१६।९५	१७,४१४	७३,५२७।२७	२६७।१५	१७४१४
२	सामुदायिक वन	२,४६,५८५	७५८	०	५३,१८०	१०३।७५	०
३	साझेदारी वन	९९,८७३।१४	१५६।०६	०	३९,४१३।३	५६।५	०
४	निजी आवादी	६०,५६,०३।२९३	२३९४।२	८३,३५०	६,०४,६९६।५३३	२,३९८।६३	८३३५०
५	धार्मिक वन	२४९	०	०	०	०	०
जम्मा		**१०,५९,०१०।२८**	**३,६२५।२**	**१,००,७६४**	**७,७०,८१७।१०**	**२,८२६।०३**	**१,००,७६४**

(आ) काठ दाउरा विक्री वितरण

उत्पादित वन पैदावारबाट यस जिल्ला भित्रका उपभोक्ताहरुलाई वनपैदावारको सहज आपूर्ति गराउनु पनि यस कार्यालयको कार्य जिम्मेवारी भित्र पर्दछ। काठ दाउरा विक्री वितरण व्यस्थापन गर्ने सिलसिलामा यस कार्यालय मार्फत जिल्ला वन पैदावार आपूर्ति र साझेदारी वन व्यवस्थापन समूहहरुबाट जम्मा **१७२५** घरपरिवार तथा संघसंस्थालाई जम्मा चिरान काठ ७,१२८.२ र गोलिया काठ **४०,०३४** क्यू.फि. काठ र ६८.५ चट्टा दाउरा विक्री वितरण गरिएको छ। यसको विस्तृत विवरण तलको तालिकामा उल्लेख छ।

तालिका ११ – आ.व. २०८१/८२ मा काठ-दाउरा विक्री वितरणको विवरण

क्र.सं.	वितरण गर्ने निकाय	गोलिया		चिरान		दाउरा (चट्टा)
		घरधुरी/ संस्था	काठ (क्यू.फि.)	घरधुरी/ संस्था	काठ (क्यू.फि.)	
१	जिल्ला वन पैदावार आपूर्ति समिति					
	घर निर्माण	७८	५६०५	१०७	६००९.८१	
	घर मर्मत	३	९१.३७	१	२९.०२	
	धार्मिक कार्य (काठ)	२	१२०.५२	२	६४.७३	
	दैवी प्रकोप पीडितलाई राहत	१८	६५८.०५	१९	५०६.१९	
	दाहसंस्कार प्रयोजन	९				५२
	धार्मिक कार्य (दउरा)	२				५
	शीतलहर प्रयोजन	३				१२
२	लाटीझोडा साझेदारी वन	३५८	८,२५७.८०			२७.५
३	लोहन्द्रा केराबारी साझेदारी वन	४४८	१६,२२७.३०			१०
४	बेलबारी चिसाङ साझेदारी वन	२०८	४,४९५.६९			६
५	पथरी शनिश्चरे साझेदारी वन	४८५	१०,४६२.५०			१३
जम्मा		१६१४	४५९१८	१२९	६६०९.७५	१२५.५

तालिका १२ – आ.व. २०८१/८२ मा सङ्कलित राजश्वको विवरण

सि.नं.	राजश्व शीर्षक नं.	विवरण	जम्मा रु.
१	१४२१२	सरकारी सम्पत्तिको विक्रीबाट प्राप्त रकम	०
२	१४२१९	अन्य सेवा शुल्क तथा विक्री (प्रदेश सेवा शुल्क)	३८,७३,९०९।६३
३	१४२२१	न्यायिक दस्तुर	१८५०
४	१४२२९	अन्य प्रशासनिक सेवा शुल्क	३,०६,५६५
५	१४२६४	वन क्षेत्रको अन्य आय	८,९६,१०३
६	१४३१२	प्रशासनिक दण्ड जरिवाना र जफत	५,०००
७	१४३१३	धरौटी सदर स्याहा	६८,५०,८५२
८	१५१११	बेरुजु	६,५७,५२६
९	३३३६१	वनक्षेत्रको रोयल्टी	८,९५,८९,५१४
जम्मा			**१०,२१,८१,३१९।६**

तालिका १३ – आ.व. २०८१/८२ मा सङ्कलित मू.अ.कर को विवरण

सि.नं.	वनको किसिम	मू.अ.कर रु.
१.	सरकारद्वारा व्यवस्थित वन	१,३०,४४,६५९।०४
२.	सामुदायिक वन	६९,२६,५५९।००
३.	निजी नम्बरी आवादी	१,६२,४३,६७०।९७
जम्मा		**३,६२,१४,८८९।०१**

तालिका १४ – आ.व. २०८१/८२ मा विदेश (जोगबनी नाका) बाट आयात भएका चिरान काठको विवरण

महिना	प्रजाति (Local Name)	Scientific Name	Origin	कूल पैठारी काठ थान	कूल पैठारी चिरान काठ (क्यू.फिट)
असोज	Bangkirai	Shorea species	INDONESIA	५,१९३	२,६२५.८१
कार्तिक	Bangkirai	Shorea species	INDONESIA	४,५९४	२,८५३.२८
भदौ	Bangkirai	Shorea species	INDONESIA	२,८५८	१,५०२.०६
साउन	Bangkirai	Shorea species	INDONESIA	७,२११	३,६९८.०८
कूल जम्मा				**१९,८५६**	**१०,६७९.२३**

परिच्छेद ५ - वन विकास, विस्तार तथा पुनर्स्थापना

५.१ आ.व. २०८१/८२ मा स्विकृत कार्यक्रमहरु र सो को उद्देश्य

५.१.१ प्रदेश सरकार तर्फको कार्यक्रम

क. डिभिजन वन कार्यालयहरू

यस कार्यक्रम अन्तर्गत डिभिजन वन कार्यालय र मातहतका सव-डिभिजन वन कार्यालयमा कार्यरत कर्मचारीको तलब, भत्ता, राशन आदि त्यस्तै गरी कार्यालय संचालनको लागि आवश्यक धारा, पानी, बिजुली महसुल, कार्यालय प्रयोजनको ईन्धन, सवारी मर्मत, मेशिनरी औजार, दैनिक प्रयोगका कार्यालय सामाना, घरभाडा, भवन मर्मत तथा स्तरोन्नति लगायतका कृयाकलापहरु संचालन भएका छन्।

ख. प्रदेश वन विकास तथा व्यवस्थापन कार्यक्रम

प्रदेश मातहत रहेका प्राकृतिक स्रोतहरुको संरक्षण, संवर्द्धन, विकास, विस्तार र सदुपयोग गर्दै उक्त स्रोतहरु मार्फत् प्रदेशको समृद्धि र विकास गर्ने उद्देश्यले यो कार्यक्रम स्विकृत रहेको छ। यस कार्यक्रम अन्तर्गत अतिक्रमण चोरी निकासी नियन्त्रण, सोको लागि गस्ती परिचालन, वन पैदावार संकलन, काठको डिपो (घाटगद्दी) स्थापना र व्यवस्थापन, स्थानीय वन समूह विस्तार तथा प्रवर्द्धन, कृषि वन, निजी वन, सार्वजनिक वन विकास कार्यक्रम, जलवायू परिवर्तन न्यूनीकरणका कार्यक्रम, वन क्षेत्रमा सुशासन सुदृढिकरण, कर्मचारीको क्षमता विकास तालिम लगायतका कार्यक्रमहरु स्विकृत भई कार्यान्वयन भएका छन्।

ग. प्रदेश हरित अभियान कार्यक्रम

स्थानीयस्तरमा जनतालाई वन तथा वातावरण सम्बन्धी सचेतना जगाई वन विकास एवं हरियाली अभिवृद्धि गर्न प्रदेश सरकारबाट **प्रदेश हरित अभियान कार्यक्रम** प्राथमिकताका साथ संचालनमा ल्याएको छ। मोरङको हकमा शून्य तथा न्यून प्रतिशत प्राकृतिक वन क्षेत्र रहेका ९ वटा स्थानीय तहहरुलाई लक्षित गरी सम्बन्धित स्थानीय तहहरु, निजी जग्गाधनी किसानहरु, सार्वजनिक जग्गा बृक्षारोपण समितिहरु तथा वन सामाजिक परिचालकहरु समेतको सहयोगमा वन वातावरणको दीगो व्यवस्थापन र विकास गर्न विभिन्न कृयाकलापहरु सञ्चालन गर्न सहजीकरण गरिदै आएको छ।

प्राय: सबैजसो प्राकृतिक वनक्षेत्र पूर्व-पश्चिम राजमार्गको उत्तरपट्टि रहेको तर अधिकांश जनसंख्या राजमार्गदेखि दक्षिणमा रहेकोले जनसंख्याको ठूलो हिस्सा प्राकृतिक वनको पहुँचदेखि

टाढा रहेकोले काठ, दाउरा, घाँस, पत्कर लगायत अन्य वन पैदावारको उपभोग गर्न सहजरुपमा जनताको पहुँच पुर्याउने उद्देश्यले प्रदेश सरकार स्थापनाकाल देखिनै प्रदेश हरित अभियान (तराई मधेश हरियाली वन विकास कार्यक्रम) कार्यक्रम विशेषत: जिल्लाको दक्षिणी भेगमा वन क्षेत्र न्यून तथा शून्य रहेका स्थानीय तहहरुमा सञ्चालन गरिएको छ। यद्यपि जिल्लाको अन्य भागमा समेत वन विकासका कृयाकलापहरु यो कार्यक्रम मार्फत संचालन हुँदै आएको छ। यस कार्यक्रमबाट खासगरी निजी तथा सार्वजनिक पर्ती जग्गामा वनको स्थापना र विस्तार गराई मौजुदा वनको दिगो तवरले संरक्षण, संवर्द्धन र सदुपयोग गर्न, वातावरणीय सन्तुलन कायम राख्न, जलवायू परिवर्तनको प्रतिकूल प्रभावको अनुकूलन क्षमतामा अभिवृद्धि गर्नुका साथै स्थानीय जनसमुदायको आर्थिक अवस्थामा सुधार गरी जीविकोपार्जनमा वन क्षेत्रको योगदानमा थप वृद्धि गर्न सकिने थुप्रै अवसर र सम्भावना रहेको देखिन्छ।

घ. वातावरण संरक्षण कार्यक्रम

यस कार्यक्रम अन्तर्गत आ.व. २०८१/८२ को विभिन्न मितिमा संचालन हुने दिवस समारोह जस्तै राष्ट्रिय वृक्षारोपण दिवस, सामुदायिक वन दिवस, वन डढेलो सप्ताह, विश्व वातावरण दिवस जस्ता दिवस समारोह मार्फत जनचेतनामूलक कार्यक्रम संचालन भएको थियो। यसका साथै फोहोरदानी खरिद गरी सव-डिभिजन वन कार्यालयहरु मार्फत खास गरी चूरे क्षेत्रका विभिन्न विद्यालयहरुमा जलवायु अनुकूलन सम्बन्धी र विद्यालयहरुमा वातावरण सचेतना कार्यक्रमहरु संचालन भएको थियो।

ङ. जडिबुटी विकास कार्यक्रम

चालु आ.व. २०८१/८२ मा जडिबुटी विकास कार्यक्रमबाट तपसिलका सामुदायिक वन उपभोक्ता समूहहरुलाई जडीबुटी प्रशोधन एवं गैह्रकाष्ठ वन पैदावारमा आधारित सामग्री खरिद गरी वितरण गरिएको छ।

सि.नं.	वन उपभोक्ता समूहको नाम र ठेगाना	सामग्री वितरणको किसिम
१	नमुना हरियाली सा.व.उ.स., सुन्दरहरैचा न.पा. ५	दुना टपरी बनाउने मेशिन
२	आँपझोला मिक्लुङ सा.व. मिक्लाजुङ-६	दुना टपरी बनाउने मेशिन
३	बागदेवी सा.व. बेलबारी-२	जडिबुटी तेल प्रशोधन मेशिन

च. वन्यजन्तु तथा वासस्थान संरक्षण कार्यक्रम

यस कार्यक्रम अन्तर्गत वन र वन्यजन्तु संरक्षणको लागि गस्ती परिचालन, बासस्थानको व्यवस्थापनको लागि संरक्षण पोखरी निर्माण र फलफूलजन्य विरुवाको रोपण कार्यहरु सम्पन्न भएका छन् ।यस फलफूलजन्य विरुवा रोपणको लागि प्रति हे. ८० गोटा विरुवा फाटफूट रुपमा वनक्षेत्रको खाली क्षेत्रमा रोपण गरिएको थियो ।

तालिका १४ – वनक्षेत्रमा फलफूलजन्य विरुवा रोपण भएको विवरण

सि.नं.	सव- डि.व.का.	वृक्षारोपण गरिने क्षेत्र	(हे.)	विरुवा संख्या	रोपण गरिएको प्रजाति
१	लाटीझोडा	साझेदारी र सामुदायिक वन	१५	१,२००	जामुन,अम्बक, अमला,
२	सलकपुर	साझेदारी र सामुदायिक वन	१८	१,४४०	जामुन,अम्बक, अमला,
३	केराबारी	साझेदारी र सामुदायिक वन	१५	१,२००	कटहर, अनार, लिची, जामुन
४	बेलबारी	साझेदारी र सामुदायिक वन	२०	१,६००	कटहर, अनार, जामुन
५	लेटाङ्ग	सामुदायिक वन/राष्ट्रिय वन	१५	१,२००	हर्रो, बर्रो, अमला, जामुन, अम्बा, बेल, किम्बु
६	कानेपोखरी	सामुदायिक वन/राष्ट्रिय वन	१५	१,२००	अम्बा, अमला, जामुन,
७	जाँते	साझेदारी र सामुदायिक वन	२०	१,६००	अम्बा, अमला, जामुन, लटहर
८	पथरी	साझेदारी र सामुदायिक वन	१५	१,२००	अम्बा, अमला, जामुन
९	मंगलबारे	साझेदारी र सामुदायिक वन	१५	१,२००	अम्बा, अमला, जामुन
१०	मधुमल्ला	सामुदायिक वन/राष्ट्रिय वन	१८	१,४४०	कटहर, अम्बा, जामुन
जम्मा			**१६६**	**१३,२८०**	

५.१.२ संघीय/प्रदेशका मुख्य कार्यक्रमहरु

क. राष्ट्रिय वन विकास तथा व्यवस्थापन कार्यक्रम (संघ सशर्त अनुदान)

वनक्षेत्रको दीगो व्यवस्थापनबाट काठ दाउराको उत्पादकत्व बढाउने, जिल्लाभित्र सहज ढंगले काठ दाउराको मागलाई सम्बोधन गर्ने, वन पैदावारको उत्पादकत्व र उत्पादन बढाएर स्थानीय र राष्ट्रिय आवश्यकता परिपूर्ति गर्ने, वन संरक्षण र व्यवस्थापनमा जनसहभागिता अभिवृद्धि गरी संरक्षण र विकासलाई प्रभावकारी वनाउनुका साथै यसबाट स्थानीय जनतालाई रोजगारीको अवसरहरु सृजना गरी जीविकोपार्जनमा सुधार तथा स्थानीय तथा राष्ट्रिय आयमा वृद्धि गर्न योगदान पुर्याउने उद्देश्य पूर्तिको लागि यो कार्यक्रम संचालन भएको हो। यस कार्यक्रम अन्तर्गत नदी उकास जग्गामा वृक्षारोपण, बहुवर्षे विरुवा उत्पादन, वन संवर्द्धन प्रणालीमा आधारित दीगो

वन विकास, वन्यजन्तुबाट पीडित व्यक्तिहरुलाई राहत वितरण कार्यक्रमहरु संचालन भएका थिए।

ख. वातावरण विभाग (संघ सशर्त अनुदान)

यस कार्यक्रम अन्तर्गत स्थानीय तह जस्तै बूढीगङ्गा गा.पा., ग्रामथान गा.पा., विराटनगर म.न.पा., कटहरी गा.पा., रंगेली न.पा., रतुवामाई न.पा. मा हरियाली प्रवर्द्धनको लागि सडक किनार वृक्षारोपणका कार्यहरु सम्पन्न भएका छन्।

ग. जलाधार संरक्षण तथा सिमसार व्यवस्थापन

यस कार्यक्रम अन्तर्गत झुमरी ताल संरक्षण, सुनवर्षी-९ मा पोखरीको डिलमा छठ पूजाको लागि स्टेपिङको कार्य सम्पन्न भएको छ।

५.२ वन विकास कार्यहरु

यस अवधिमा भएका मुख्य वन विकासका कार्यहरु तपसिल बमोजिम छन्।

५.२.१ बिरुवा उत्पादन

गुणस्तरीय बिरुवा हाम्रो प्रतिबद्धता **(Quality saplings is our motto)** भन्ने नारालाई पूर्णरुपमा आत्मसाथ गर्दै यस आर्थिक वर्षमा डिभिजन वन कार्यालयबाट संचालित नर्सरी, दक्षिणी भेगका निजी नर्सरी र सामुदायिक तथा साझेदारी वन नर्सरीहरुमा स्थानीय तहको समेत सहकार्य र सहयोगमा उच्च गुणस्तरका, तोकिएको प्रजाति र आकारका बिरुवा तोकिएको समयभित्रै उत्पादन गरी वितरण गर्ने लक्ष्य रहेको छ। यस आर्थिक वर्षमा विभिन्न नर्सरीबाट उत्पादन भएका बिरुवाको विवरण निम्न अनुसार रहेका छन्।

तालिका १५ - उत्पादित विरुवाको विवरण

सि.नं.	कार्यक्रम	एकवर्षे बिरुवा गोटा	बहुवर्षे बिरुवा गोटा	जम्मा बिरुवा संख्या
१	जिल्ला वन पैदावार आपूर्ति समिति	१,५०,०००	१,००,०००	२,५०,०००
२	प्रदेश हरित अभियान कार्यक्रम	१,००,०००	०	१,००,०००
३	राष्ट्रिय वन विकास तथा व्यवस्थापन	३,१०,०००	०	३,१०,०००
	जम्मा	**५,६०,०००**	**१,००,०००**	**६,६०,०००**

यसका साथै १०,००० गोटा बाँसको विरुवा बेलबारी सब-डि.व.का. को नर्सरीमा उत्पादन गरिएको छ।

५.२.२ विरुवा वितरण

यस जिल्लामा विगत र यस वर्षमा उत्पादन भएका एक वर्षीय र बहुवर्षीय बिरुवाहरु साझेदारी र सामुदायिक वनको वृक्षारोपण क्षेत्र, सार्वजनिक जग्गाको वृक्षारोपण, संघ-संस्थाको जग्गामा भएको वृक्षारोपण, किसानको निजी जग्गामा भएको वृक्षारोपण र सडक किनारमा भएको वृक्षारोपण आदि समेत गरी हालसम्म ३,५१,१८२ बिरुवा संख्या र बाँसको ७ हजार वितरण र रोपण कार्य सम्पन्न भएको छ।

५.२.३ नर्सरी निर्माण/मर्मत

यस आ.व.मा जाँते र पथरी सब-डि.व.का. मा गरी २ वटा नर्सरी निर्माणको कार्य सम्पन्न भएको छ। साथै नर्सरी मर्मतको कार्य १३ वटा नर्सरीमा भएको छ। यसका साथै सव-डि.व.का. सलकपुरमा स्थायी नर्सरीहरुमा ट्रस निर्माणको कार्य सम्पन्न भएको छ।

५.२.४ गोडमेल र पुनःरोपण

विगत आ.व. मा सम्पन्न भएका सार्वजनिक वृक्षारोपण क्षेत्र, साझेदारी वनमा पुनरोत्पादन कटान भएका प्लटहरुमा निम्न अनुसारको गोडमेल र पुनःरोपणको कार्य सम्पन्न भएको छ। यस बाहेक सामुदायिक वन उपभोक्ता समूहले आ-आफ्नो वनक्षेत्रमा विगत आ.व. हरुमा गरेको वृक्षारोपण क्षेत्रमा समेत गोडमेल र पुनःरोपणको कार्य गरेका छन्। यसको विवरण निम्न तालिका अनुसार रहेको छः

तालिका १६ — गोडमेल तथा पुनः रोपणको विवरण

सि.नं.	गोडमेल/पुनःरोपण गर्ने समूह संस्थाको नाम	ठेगाना (स्थानीय तहको नाम)	क्षेत्रफल (हेक्टरमा)
१	डाँसखोला किनार वृक्षारोपण संरक्षण समिति	सुनवर्षी १	३
२	आदर्श शिक्षा निकेतन आधारभूत विद्यालय	ग्रामथान ५	०.२५
३	पोठीया कब्रिस्तान समिति	बुढीगंगा ५	०.३२
४	भब्रिथान हरियाली वन समिति	ग्रामथान २	०.५२
५	कोइराला फाउण्डेशन वन उ.स.	विराटनगर ८	१
६	श्री गुराँस वन संरक्षण समिति	जहदा ३	०.७१
७	पथरी शनिश्चरे साझेदारी वन	उर्लाबारी ३	९
८	लोहन्द्रा केराबारी साझेदारी वन	सुन्दरहरैचा १०	२०
९	नमुना सामुदायिक वन	लेटाङ ३	६
जम्मा			**४०.८**

श्रोतः डि.व.का.मोरङ, २०८२

५.२.५ वन सामाजिक परिचालक परिचालन

यस कार्यालय अन्तर्गत विराटनगर र रंगेली सव-डिभिजन वन कार्यालयमा कार्यरत ९ जना वन सामाजिक परिचालकहरुबाट सार्वजनिक जग्गामा वृक्षारोपण, गत विगत वर्षहरुमा वृक्षारोपण भएका क्षेत्रहरुमा पुनः रोपण तथा गोडमेल, नर्सरीहरुमा बिरुवा वितरण, निजी वन विकास लगायतका कार्यहरु सम्पन्न गरेका छन्।

५.२.६ विद्यालय वातावरण सुधार कार्यक्रम

बढ्दो शहरीकरण एवं अनियन्त्रित जल, वायु, माटो, ध्वनि, रसायनिक लगायतका सबै प्रकारका प्रदूषणबाट वातावरणमा पर्न सक्ने जोखिमलाई न्यूनीकरणका साथै सबै सरसफाईलाई संस्कारको रुपमा विकास गर्न, जैविक विविधताको संरक्षण तथा दीगो उपयोग गर्न तथा विद्यालयस्तरबाट नै वातावरणीय स्वच्छता सम्बन्धी चेतना बढाई समग्र प्रदेशमा सफा, स्वच्छ र हराभरा वातावरण बनाउन सचेतना स्वरुप यो कार्यक्रम संचालन भएको छ। साथै स्वच्छ र सफा वातावरण कायम, प्रदूषण नियन्त्रण, फोहोरमैला व्यवस्थापन तथा हरियाली प्रवर्द्धनमा विद्यार्थी, शिक्षक र अभिभावक वर्गमा जलवायु परिवर्तनबाट हुने जोखिमका पक्षहरुलाई न्यूनीकरण गर्ने सम्बन्धी चेतना जागृत गराई व्यक्ति, परिवार अनि समुदायको भूमिकालाई थप सुसूचित, सशक्त र क्रियाशील बनाउन खास गरी चूरे क्षेत्रका विद्यालयहरुमा सव-डिभिजन वन कार्यालयहरु मार्फत फोहोरदानी वितरण र विद्यालयमा जलवायु परिवर्तन सम्बन्धी अभिमुखीकरण लगायतका कार्यक्रम संचालन भएको थियो।

५.२.७ काठको डिपो (घाटगद्दी) स्थापना र व्यवस्थापन

सरकारद्वारा व्यवस्थित वनबाट उत्पादित र मुद्दामा बरामद, बेवारिसे, दरियाबुर्दीबाट संकलन भएका काठ र दाउरा सुरक्षित राख्न सव-डि.व.का. कानेपोखरीमा काठ/दाउराको डिपो (घाटगद्दी) व्यवस्थापनको लागि फायरलाइनको काम सम्पन्न भएको छ।

५.२.८ जिल्ला वन क्षेत्र समन्वय समिति सचिवालय व्यवस्थापन तथा सुदृढीकरण

जिल्लामा रहेको वन स्रोत, जैविक विविधता र प्राकृतिक वातावरणको संरक्षण, व्यवस्थापन तथा दीगो उपयोगका साथै विकास र वातावरणबीच सन्तुलन कायम राख्ने कार्यमा सहजीकरण तथा समन्वय गर्न वन नियमावली, २०७९ को नियम १२२ बमोजिम प्रत्येक जिल्लामा एक जिल्ला वनक्षेत्र समन्वय समिति (DFSCC) रहने व्यवस्था रहेको र सो समितिलाई आ.व. २०८१/८२ मा यस कार्यालयबाट संचालन भएका विकास कामहरुको अनुगमन १ पटक र

बैठक १ पटक सम्पन्न भएको छ। साथै, जिल्ला वन क्षेत्र समन्वय समिति सचिवालय व्यवस्थापनका लागि कार्यालयका फर्निचर तथा फिक्सचर खरिद गरि व्यवस्थापनको कार्य भएको छ।

५.२.८ वन क्षेत्रमा सुशासन र क्षमता अभिबृद्धि कार्यक्रम

आ.व. २०८१/८२ मा वन क्षेत्रमा सुशासन तथा क्षमता अभिवृद्धिका निम्न अनुसारका कार्यहरु भएको छः-

१. कर्मचारी टिम बिल्डिङ्ग तालिम -१
२. सरोकारवालासँग वनका कुरा -१२ सव डि व का
३. कर्मचारी दक्षता वृद्धि तालिम- २ पटक
४. वार्षिक प्रगति समीक्षा गोष्ठी- १ पटक
५. सा.व.उ.स. लाई क्षमता अभिवृद्धि तालिम-१२ वटा
६. चौमासिक प्रगति गोष्ठी- ३ पटक
७. डिभिजन स्तरीय योजना तर्जुमा गोष्ठी- १ पटक
८. सव-डिभिजन स्तरीय समन्वय बैठक- १२ पटक
९. डिभिजन स्तरीय कर्मचारी बैठक- १३ पटक
१०. इन्टर्न विधार्थीहरुलाई वन सम्बन्धी सिकाई- २६ जनालाई
११. वन/वन्यजन्तु मुद्दा अपराध नियन्त्रण तालिम- १
१२. वन्यजन्तु अपराध नियन्त्रण इकाईको बैठक- २
१३. सुरक्षा समन्वय समितिको बैठक-१
१४. विद्यालयमा वातावरण सचेतना कार्यक्रम- ५ वटा
१५. आन्तरिक सुरक्षा बैठक- ७ पटक

५.२.८ दिवश, समारोह

आ.व. २०८१/८२ मा संचालन स्वीकृत बजेट तथा कार्यक्रमबाट संचालन भएको दिवश तथा समारोहका कार्यक्रमहरु निम्न अनुसार रहेका छनः-

- विश्व वातावरण दिवश -१ स्थानमा (सिंहदेवी सामुदायिक वन, बेलबारी)
- वृक्षारोपण दिवश - १ स्थानमा (जनचाहना समुदायिक वन, लेटाङ)

परिच्छेद ६ - सिमसार प्रवर्द्धन तथा वन्यजन्तुको लागि क्रिडास्थल र संरक्षण पोखरी निर्माण

सामुदायिक वनमा समूह आफैंले पनि पर्यापर्यटन र सिमसार व्यवस्थापनका कार्यहरु गरिरहेका छन्। मोरङ जिल्लामा रहेका प्रायःजसो सिमसार क्षेत्रहरुको उत्पति चुरेक्षेत्रबाट भएको पाइन्छ। यसमध्ये केही सिमसार क्षेत्रहरु चूरेक्षेत्रमा नै अवस्थित रहेको पाइन्छ भने धेरैजसो सिमसार क्षेत्रहरु राजमार्गदिखि उत्तरको वनजंगलको क्षेत्रभित्र रहेको पाइन्छ। यसका अतिरिक्त केही सिमसार क्षेत्र र ऐतिहासिक पोखरीहरु राजमार्गदिखि दक्षिणी भेगमा गाउँवस्तीको बीचमा अवस्थित रहेका छन्। सिमसार प्रत्यक्ष रुपमा वन, वनस्पति, वन्यजन्तु, जैविक विविधता र वातावरणसँग जोडिएको विषय भएतापनि कृषि, उद्योग, सिंचाई, ऊर्जा, स्थानीय विकास लगायतका निकायहरुसँग पनि अन्तर सम्बन्धित रहेकाले त्यस्ता निकाय र स्थानीय समुदायहरूबीच सहकार्य, साझेदारी र समन्वय हुन अपरिहार्य छ।

वन्यजन्तुहरुको व्यवस्थापनको लागि खाना, पानी र ओतको व्यवस्थापन अपरिहार्य रहेको हुन्छ। यस जिल्लामा रहेको चारकोशे जंगलमा गत वर्षदिखि हात्तिको विचरण अत्यधिक रहेको पाइएकोले खानेपानीको अभावले गाउँवस्तीमा दुःख दिने गरेको। हात्ति लगायत अन्य जीवजन्तुहरुलाई समेत खानेपानीको व्यवस्थापन, पौडी खेल्नको लागि आहालको व्यवस्थापन, क्रिडास्थलको पोखरीको निर्माण, वन डढेलो नियन्त्रणको लागि पानीको व्यवस्थापन र खेतीपाती समेतलाई सिँचाईंको लागि संरक्षण पोखरीहरु आवश्यक रहेकोले निर्माण गरिएको छ।

आ.व. २०८०/८१ मा यस कार्यालयबाट उपभोक्ता समूहको लगानी समेतमा संचालन भएको वन्यजन्तुको लागि आहाल/क्रिडास्थल तथा संरक्षण पोखरी र झुमरी ताल, सुनवर्षी-९ मा छठ पूजा गर्न सहज हुने गरी स्टेपिङ्गका कार्यहरु समपन्न भएका थिए। ती कार्यक्रमहरु तालिका- १७ मा उल्लेख गरिएका छन्।

तालिका १७ — वन्यजन्तुको लागि आहाल/क्रिडास्थल तथा संरक्षण पोखरी निर्माणको विवरण

सि.नं.	कार्यक्रम	क्रियाकलापको नाम	वन उपभोक्ता समूहको नाम	ठेगाना	उद्देश्य
१	प्रदेश वन विकास तथा व्यवस्थापन	सिमसार संरक्षण तथा व्यवस्थापन	महाभारत सा.व.उ.स	लेटाङ ६	संरक्षण पोखरी निर्माण (वन्यजन्तु र मानव समेतको लागि)
२			राजारानी सा.व.उ.स	लेटाङ १	राजारानी ताल र छोरी पोखरीको सरसफाई तथा चेकड्याम निर्माण
३		एक सामुदायिक वन एक संरक्षण पोखरी	जनचाहना सा.व.उ.स	लेटाङ २	वन्यजन्तुको लागि आहाल निर्माण
४			लक्ष्मी सा.व.उ.स	बेलबारी ११	वन्यजन्तुको लागि आहाल पोखरी निर्माण
५			पशुपति सा.व.उ.स	पथरी-शनिश्चरे १०	वन्यजन्तुको लागि सिमसार पोखरी निर्माण
६			भुल्के सुन्तली सा.व.उ.स	कानेपोखरी ६	वन्यजन्तुको लागि सिमसार पोखरी निर्माण
७			सिंहदेवी सा.व.उ.स	बेलबारी ८	वन्यजन्तुको लागि सिमसार पोखरी मा स्टेपिङ निर्माण
८	वन्यजन्तु तथा वासस्थान संरक्षण कार्यक्रम	वन्यजन्तुका लागि पानी आहाल तथा क्रिडास्थल निर्माण/व्यवसथापन	जनजागरण सा.व.उ.स	सुन्दरहरैचा १०	हात्तीको लागि आहाल पोखरी तथा क्रिडास्थल निर्माण
९			मिक्लुङ सा.व.उ.स	मिक्लाजुङ ६	हात्तीको लागि आहाल पोखरी तथा क्रिडास्थल निर्माण
१०	जलाधार संरक्षण तथा सिमसार व्यवस्थापन	झुमरी ताल संरक्षण		सुनवर्षी न.पा. ९	छठ पोखरीको लागि स्टेपिङ निर्माण

परिच्छेद ७ - वन अपराध नियन्त्रण तथा मुद्दा फछ्र्यौट

७.१ मुद्दा दायरी र फछ्र्यौट

यस कार्यालय अन्तर्गतका सलकपुर, बेलबारी र मंगलबारे सव-डिभिजन वन कार्यालय र डिभिजन वन कार्यालयमा सशस्त्र वन सुरक्षा शाखाको व्यवस्थापन गरिएको छ। वनजंगल संरक्षणको लागि दर्जा पुगेका प्राविधिक कर्मचारीहरुले नेतृत्व लिने गरी गस्ती परिचालनको व्यवस्था मिलाईएको छ।

वनजंगल संरक्षणका लागि सलकपुर, बेलबारी र मंगलबारे सव-डिभिजन वन कार्यालयहरुमा ड्युटी रजिष्टरमा अभिलेख राखी सो अनुसार सशस्त्र वन रक्षक तथा वन कर्मचारीहरु र साझेदारी तथा सामुदायिक वनका हेरालु मार्फत संयुक्त गस्ती परिचालन भैरहेको छ। यसका साथै, सामुदायिक वन उपभोक्ता समूह तथा धार्मिक वन उपभोक्ता समूहहरुले समिति, उपभोक्ता सदस्य तथा हेरालु मार्फत समेत वनजंगल संरक्षण हेतु गस्ती कार्यलाई तीब्रता दिई वन तथा वन्यजन्तु सम्बन्धी कसूर गर्नेहरुलाई कानूनी कारवाहीको दायरामा ल्याउने कार्य निरन्तर रुपमा जारी छ।

वन ऐन, २०७६ मा नेपाल सरकारले तोकेको डिभिजनल वन अधिकृतलाई मुद्दा हेर्ने अधिकारीको रुपमा कानूनी व्यवस्था गरिएपनि वन ऐन प्रारम्भ हुनुभन्दा अघि प्रदेश सरकारले कर्मचारी समायोजनको बेला डिभिजनल वन अधिकृतलाई प्रदेश सरकार मातहतमा पदस्थापना गरेकोले संघीय वन ऐन बमोजिमका मुद्दा हेर्न मिल्ने वा नमिल्ने सन्दर्भमा मोरङ जिल्ला अदालतका माननीय जिल्ला न्यायाधीशज्यूबाट यस कार्यालयमा विगतमा दायर रहेको मुद्दाहरुको अनुगमन निरीक्षण हुँदा संघीय सरकारबाट डिभिजनल वन अधिकृत पदस्थापना नभएसम्म प्रदेश सरकारको डिभिजनल वन अधिकृतले नेपाल सरकार वादी हुने मुद्दाको सुनुवाई गर्न नमिल्ने भनी निर्देशन प्राप्त भएकोले गत विगतका फैसला हुन बाँकी सम्पूर्ण मुद्दाहरु सम्मानित जिल्ला अदालतमा विगत मै पठाइसकिएको र यस आ.व. मा डिभिजन वन कार्यालयबाट अनुसन्धान तहकिकात पूरा भई जिल्ला सरकारी वकील कार्यालयको राय अनुसार सम्मानित मोरङ जिल्ला अदालतमा मुद्दाहरु दायर भएका छन्।

तालिका १८ — वन्यजन्तुको लागि आहाल/क्रिडास्थल तथा संरक्षण पोखरी निर्माणको विवरण

मुद्दा दायरको आ.व.	मुद्दाको किसिम	मुद्दाको संख्या
२०८१/८२	राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण ऐन अनुसार (वन्यजन्तु अपराध सम्बन्धी मुद्दा)	५
	वन ऐन अनुसार (वन तथा वन पैदावार अपराध सम्बन्धी मुद्दा)	१
जम्मा		**६**

७.२ वन्यजन्तु उद्धार

वनक्षेत्र आसपासका वस्तीहरुमा फेला परेका, राजमार्गमा सवारी दुघर्टनामा परी घाइते भएका, माउसँग छुट्टिएर एक्लै हराउन पुगेका, आहारा र बासस्थानको खोजीमा जिल्लाको दक्षिणी भेगसम्म आइपुगेका र अन्य टुहुरा तथा घाइते वन्यजन्तुहरुलाई यस कार्यालयमा सूचना प्राप्त हुनासाथ प्राविधिक टोली पठाई उद्धार गरी आवश्यकता अनुसार उपचार समेत गराई प्राकृतिक बासस्थान वा तिनको जीवनको संरक्षण हुनसक्ने क्षेत्रगत निकायमा छाडी तथा बुझाई वन्यजन्तुको उद्धार गर्ने गरिएको छ।

सवारी साधनका कारण हुने दुर्घटनाबाट वन्यजन्तुको क्षति न्यूनीकरण गर्न विभिन्न सचेतनामूलक होर्डिङबोर्डहरु स्थापना कार्यहरुलाई निरन्तरता दिदैं प्रचार प्रसार गरिएको छ। गर्मीको कारण घर गोठमा देखा पर्ने विषालु सर्पहरुबाट जोगिन तथा उद्धार कार्यको लागि विराटनगर महानगरपालिकाका नगर प्रहरी समेतलाई तालिम दिई सर्प उद्धारको कार्य प्रभावकारी रुपमा लागू गरिएको छ। यस अवधिमा उद्धार गरिएका वन्यजन्तुहरुको विवरण निम्न तालिकामा देखाइएको छ।

तालिका १९ —उद्धार गरिएको र मृत्यु भएको वन्यजन्तु विवरण

मृत्यु भएको वन्यजन्तुको विवरण			घाइते भएको वन्यजन्तुको विवरण				
प्रजाति	संख्या	मृत्यु हुनुको कारण	प्रजाति	संख्या	घाइते हुनुको कारण	उद्धार गरिएको स्थान	पुनर्स्थापना गरिएको स्थान
चितल	२	शिकारीले घाइते बनाएको	विभिन्न सर्प	३७७	-	विराटनगर, सलकपुर, बेलबारी	चारकोशे झाडी जंगल क्षेत्र
-	-	-	चितल	६	-	सलकपुर, बेलबारी, मंगलबारे	बेतना सिमसार, हसिना सिमसार
-	-	-	बकुल्लो	२	-	सलकपुर, बेलबारी	हसिना सिमसार
-	-	-	बाँदर	१९६	-	बुढीगंगा गा.पा.	कानेपोखरी राष्ट्रिय वन
-	-	-	निर विरालो	१	-	सलकपुर	सामुदायिक वन
-	-	-	हुचिल	२	-	मंगलबारे	साझेदारी वन
जम्मा	**२**	-	**जम्मा**	**५८२**	-	-	-

परिच्छेद ८ - रोजगारी सिर्जना

८.१ रोजगारी सिर्जना

चालु आ.व. २०८१/८२ मा डिभिजन वन कार्यालय मोरङबाट संचालित तपसिल बमोजिमका क्रियाकलापहरुबाट स्थानीयस्तरमा रोजगारीको सिर्जना भई जीविकोपार्जनमा योगदान पुगेको छ।

- नर्सरी निर्माण,
- बिरुवा उत्पादन (एकबर्षे र बहुबर्षे) तथा बाँसको बिरुवा उत्पादन,
- वृक्षारोपण कार्य,
- भवन लगायत अन्य भौतिक संरचना निर्माण र मर्मत संभार कार्य,
- राष्ट्रिय, साझेदारी, सामुदायिक एवं निजी नम्बरी आवादीमा वन पैदावार कटान, मुछान, ढुवानी लगायत संकलन कार्य,
- काठ, दाउराको घाटगद्दी निर्माण तथा मर्मत कार्य,
- पुनरोत्पादन कटान पश्चात प्राकृतिक बिरुवा प्रोत्साहन हेतु Soil work तथा घेराबेरा लगायतका कार्य,
- नियमित झाडी सफाई कार्य, थिनिङ्ग कार्य,
- वन संरक्षणको लागि गस्ती परिचालन कार्य,
- अन्य विविध

उपरोक्त बमोजिमका क्रियाकलापहरु सम्पादन हुँदा विभिन्न स्थान तथा क्षेत्रहरुबाट तपसिल बमोजिमको ३३२ जना बराबरले वर्षभरी नै रोजगारी पाएको र यसबाट स्थानीय मानिसहरुको जीविकोपार्जन तथा आर्थिक उन्नतिमा टेवा पुगेको छ। यस बाहेक साझेदारी, धार्मिक र सामुदायिक वनहरुमा मासिक ज्यालामा काम गरी लाभान्वित हुने कर्मचारीहरुको विवरण तलको तालिकामा प्रस्तुत गरिएको छ।

बिरुवा उत्पादन	वृक्षारोपण/ पुनः रोपण	थिनिङ्ग	नियमित झाडी सफाई/ गोडमेल	भौतिक संरचना निर्माण र मर्मत कार्य	वन पैदावार कटान, मुछान र संकलन	घाटगद्दी व्यवस्थापन	तलबमा आधारित कर्मचारी (कार्यालय सचिव/का.स./ हेरालु आदि)	जम्मा श्रमदिन	वर्षभरी रोजगारी सिर्जना
९,०४८	२१,९५४	८८२	९,७६६	२,३२३	१३,५०५	६३३	६३,४३०	१,२१,५४१	३३२

परिच्छेद ९ - वन्यजन्तु संरक्षण, उद्धार र राहत वितरण

१. वन्यजन्तु संरक्षणका प्रयासहरु

चालु आ.व. २०८१/०८२ मा वन्यजन्तु संरक्षणका लागि विभिन्न कार्यक्रमहरु संचालन भएका छन्।

क. सामुदायिक वन क्षेत्रभित्र वन्यजन्तुका लागि संरक्षण पोखरी निर्माण,

ख. हात्तीमैत्री पर्यटनका लागि समुदायस्तरमा गरिएका प्रयासहरुको सिकाईका लागि झापास्थित बाहुनडाँगीमा मोरङका स्थानीय समुदायका (Rapid Response Team) लाई र स्थानीय जनप्रतिनिधिलाई संयुक्त रुपमा अवलोकन भ्रमण,

ग. मानव वन्यजन्तु सह-अस्थित्व कायम गर्नका लागि सव-डिभिजन स्तरमा (Rapid Response Team) गठन र उक्त टिमहरुलाई वन गस्ती एवं परिचालन गर्न सामाग्री वितरण,

घ. University of California, San Diego मा Ph.D. अध्ययन गरिरहेका चितवन रा.नि. कार्यालयका सरंक्षण अधिकृत श्री अभिनय पाठकसँग सहकार्य गरेर मानव वन्यजन्तु सह-अस्तित्व कायम गर्नका लागि मोरङ जिल्लाको हात्ती प्रभावित क्षेत्रमध्ये सुन्दरहरैंचा क्षेत्रमा भाले हात्तीलाई Dart गरी Satellite Collar जडान गरेको र सो जडान गरेपश्चात हात्तीको अनुगमन गर्न सहज भएको देखियो,

ङ. सामुदायिक वनहरुमा वन्यजन्तुका लागि वनभित्र आहारा अभाव हुन नदिन वनजन्य फलफुल रोपण कार्य गरेको,

च. जिल्लास्थित विभिन्न क्षेत्रहरुमा घाईते वन्यजन्तुहरुको उद्दार एवं पुनर्स्थापित गर्ने कार्य गरेको,

छ. जिल्लास्थित विभिन्न क्षेत्रहरुमा वन्यजन्तुबाट भएको क्षतिबाट पीडितहरुलाई राहत वितरण कार्य भएको,

ज. सुनगोहोरोको सरंक्षण सम्बन्धी जनचेतना कार्यक्रम अन्तर्गत ग्रामथान गा.पा. स्थित पिछडिएका मुसहर वस्तीमा सुनगोहोरो लगायत वन्यजन्तुहरुको संरक्षणका लागि जनचेतनामूलक गोष्ठी तथा वन्यजन्तु सम्बन्धी पोष्टर वितरण कार्य गरिएको।

२. उद्धार गरिएका वन्यजन्तुहरुको विवरण

(क) सर्प उद्दार तथा व्यवस्थापन कार्य

नेपाल जैविक विविधताको दृष्टिले अत्यन्तै समृद्ध देश हो। यहाँ गर्मी, चिसो र आर्द्रता भएको विभिन्न प्रकारको वातावरणले गर्दा विभिन्न प्रजातिका जीवजन्तुहरु पाइन्छन्। यस्तैमा सर्प पनि यहाँको महत्वपूर्ण वन्यजन्तु हो। नेपालमा हालसम्म ८० भन्दा बढी प्रजातिका सर्प पाइएका

छन्, जसमा केही विषालु र धेरैजसो अविषालु हुन्छन्। सर्पहरूले पारिस्थितिक संयन्त्रलाई सन्तुलनमा राख्न ठूलो भूमिका खेल्छन्। उनीहरूले मुसा, भ्यागुता, किराफट्यांग्रा आदि खाएर खेतीमा हुने हानी घटाउँछन्। नेपालको तराई क्षेत्रमा चिस्यानयुक्त वातावरण, खोलानाला, बगैंचा, खेतबारी र वनजंगल भएका कारण धेरै प्रकारका सर्पहरु पाइन्छन्। डिभिजन वन कार्यालय मोरङले यस आ.व. मा विभिन्न ठाउँबाट सर्पको उद्वार गरि प्राकृतिक बासस्थानमा छाडेको छ।

तालिका २० — आ.व. २०८१/८२ मा उद्वार गरिएका सर्पहरुको विवरण

सर्पको जात	संख्या
गोमन	१५४
करेत	८६
धामन	६३
ढोडीया	३१
अजिंङर	१
गन्नवाली	४
ग्रेटर ब्याक करेट	१
सुत्रा सर्प	१
पनियादराज	४
पहिचान गर्न नसकिएको	६
जम्मा	**३५१**

(ख) बाँदर उद्वार तथा व्यवस्थापन कार्य

यस आ.व. २०८१/८२ मा बूढीगङ्गा गाउँपालिका वडा नं ५, ६ र ७ बाट २२ वटा रातो बादँरहरुलाई उद्वार गरी मोरङको राष्ट्रिय वनक्षेत्रमा स्थानान्तरण गरिएको छ।

(ग) लाटोकोसेरो उद्वार तथा व्यवस्थापन कार्य

यस आ.व. २०८१/०८२ मा विराटनगर क्षेत्रबाट ४ वटा गोठे लाटोकोसेरो (Barn Owl) लाई उद्वार गरी कोशी टप्पु वन्यजन्तु आरक्ष, सुनसरीमा स्थानान्तरण गरिएको छ।

(घ) सुनगोहोरो उद्वार तथा व्यवस्थापन कार्य

यस आ.व. २०८१/८२ मा रानी विराटनगर क्षेत्रबाट ५ वटा सुनगोहोरो (Golden Monitor Lizard) मध्ये ४ वटालाई उद्वार गरी कोशी टप्पु वन्यजन्तु आरक्ष, सुनसरीमा स्थानान्तरण गरिएको र १ वटा लाई लाटीझोडा सव-डिभिजन को कार्यक्षेत्र नमूना हरियाली सा.व.को क्षेत्रभित्र पर्ने हसिना सिमसारमा स्थानान्तरण गरिएको छ।

३. हात्तीबाट मानिसको मृत्यु भएको विवरण

सि.नं.	मृतकको नाम र ठेगाना	घटना घटेको मिति	घटनास्थलको ठेगाना	मृत्युको प्रकृति/ कारण	आ.व.	कैफियत
१.	जय प्रसाद बास्तोला, सुन्दरहरैचा १०, मोरङ	२०७९/०८/२०	सुन्दरहरैचा १०, मुनालझोडा	सुन्दरहरैचा १० मुनालझोडामा नम्बरी आवादीको बाटोमा हात्तिले आक्रमण गरी मारेको	२०८१/८२	निर्देशनालयबाट राहत पाएको
२.	गंगामाया श्रेष्ठ, सुन्दरहरैंचा नगरपालिका-१०, मोरङ	२०८१।०९।०५	सुन्दरहरैंचा न.पा. ७	घाँस दाउरा चोरी गर्ने मानिसहरुको रेखदेख गर्न भनी सा.व. तर्फ जाने क्रममा बाटोमा हात्तीसंग जम्काभेट भै हात्तीको आक्रमणवाट मृत्यु भएको	२०८१/८२	डि.व.का. बाट राहत पाएको
३.	हरि प्रसाद घिमिरे, सुन्दरहरैंचा नगरपालिका-८, मोरङ	२०८१/१०/०५	सुन्दरहरैंचा न.पा. ८	राती अन्दाजी १२:५० बजेको समयमा निजको घरमै बाहिर निस्केको अवस्थामा जंगली हात्तीले आक्रमण गर्दा मृत्यु भएको	२०८१/८२	निर्देशनालयबाट राहत पाएको
४.	चन्द्र कुमारी लिम्बु, सुन्दरहरैंचा नगरपालिका-५, मोरङ	२०८१/०९/१५	नमुना सा.व. मा	२०८१/०९/१६ गतेको विहान अन्दाजी ७ बजे नमुना सा.व. को डिपुखार खोलाको पश्चिम किनारमा मृत अवस्थामा फेला परेको	२०८१/८२	निर्देशनालयबाट राहत पाएको
५.	मन बहादुर लिम्बु लेटाङ ९, मोरङ	२०८१/११/२६	लेटाङ ९, कोपिला सा.व	कोपिला सा.व. को बर्डोली भन्ने स्थानमा सा.व. को अग्निसूचक कर्मचारी मन बहादुर	२०८१/८२	निर्देशनालयबाट राहत पाएको

				लिम्बुको नियमित वन जंगलमा अनुगमन गर्ने क्रममा जंगली हात्तीले आक्रमण गर्दा मृत्यू भएको		
६.	किस्मत राजवंशी बेलबारी-८, मोरङ	२०८२/०३/२९	बेलबारी-१०, बलुवाही	श्री धिरनाथ समफुल मा.वि. बलुवाहीको छेउ चमेनागृह अगाडी उत्तर तर्फ जाने गोरेटो बाटो बेलबारी-१० मा पानी लगाउन खेतमा गएको बेला अचानक हात्तीको आक्रमणमा परि मृत्यु भएको।	२०८२/८३	डि.व.का. बाट राहत पाएको

४. हात्तीको मृत्यु भएको विवरण

सि.नं.	वन्यजन्तुको नाम	घटना मिति	घटनास्थलको ठेगाना	मृत्युको प्रकृति/कारण	आ.व.
१.	जंगली हात्तीको बच्चा	२०८१/०४/२९	बेलबारी ३, करमडाडा	करेन्ट लागेर	०८१/८२

५. आ.व.२०८१/०८२ मा हात्तीबाट क्षति भए वापत राहत वितरण गरिएको विवरण

सि.नं.	पीडितको नाम ठेगाना	घटना मिति	घटनास्थल	क्षतिको किसिम	राहत रकम रु.
१.	दुर्गा देवी दाहाल, सुन्दरहरैंचा ८	२०८०/०९/१२	सुन्दरहरैंचा ८, मोरङ	घरगोठ क्षति	२०,०००.०
२.	रिता कुमारी मोक्तान, सुन्दरहरैंचा ७	२०८०/०९/१६	सुन्दरहरैंचा ७, पचहत्तर बिगे		२०,०००.०
३.	विनोद मण्डल, सुन्दरहरैंचा ८	२०८०/१०/०८	सुन्दरहरैंचा ८, सलकपुर		३०,०००.०
४.	राम कुमार श्रेष्ठ	२०८१/०७/२५	सुन्दरहरैंचा ६		२०,०००.०
५.	निलिमा तामाङ, सुन्दरहरैंचा ६	२०८०/०९/२८		बाली क्षति	६,७५०.०

सि.नं.	पीडितको नाम ठेगाना	घटना मिति	घटनास्थल	क्षतिको किसिम	राहत रकम रु.
६.	उदय बहादुर लिम्बु, सुन्दरहरैंचा ६	२०८०/०९/२८	सुन्दरहरैंचा ६, दुर्गा मन्दिर टोल	बाली क्षति	१०,०००.०
७.	रमेश प्रसाद चापागाईं/ कृष्णमाया, सुन्दरहरैंचा ६	२०८०/०९/२८		बाली क्षति	१०,०००.०
८.	बालकृष्ण लिम्बु, सुन्दरहरैंचा ६	२०८०/०९/२८		बाली क्षति	१०,०००.०
९.	गणेश तिम्सिना, सुन्दरहरैंचा ६	२०८०/०९/२८		बाली क्षति	१०,०००.०
१०.	कृष्ण ब. तिम्सिना खत्री, सुन्दरहरैंचा ६	२०८०/०९/२८		बाली क्षति	१०,०००.०
११.	तेज प्र. दाहाल, बेलबारी १०	२०८०/०८/२२	बेलबारी १०	बाली क्षति	१०,०००.०
१२.	तिर्थ ब. खत्री, बेलबारी १०	२०८०/०८/२२	बेलबारी १०	बाली क्षति	१०,०००.०
१३.	गणेश ब. खत्री, बेलबारी १०	२०८०/०८/२२	बेलबारी १०	बाली क्षति	१०,०००.०
१४.	यादव ब. निरौला, बेलबारी १०	२०८०/०८/२२	बेलबारी १०	बाली क्षति	१०,०००.०
१५.	गुण प्रसाद डोटेल, बेलबारी १०	२०८०/०८/१९	बेलबारी १०	बाली क्षति	१०,०००.०
१६.	तिलचन भट्टराई, बेलबारी १	२०८०/०८/०९	बेलबारी १	बाली क्षति	१०,०००.०
१७.	तिलक प्र. डोटेल, बेलबारी १०	२०८०/०८/१९	बेलबारी १०	बाली क्षति	१०,०००.०
१८.	दिवाकर राउत, सुन्दरहरैंचा १०	२०८१/०६/२४	सुन्दरहरैंचा १०	बाली क्षति	१०,०००.०
१९.	खिलाराज धमला , बेलबारी २	२०८१/०७/०४	बेलबारी २	बाली क्षति	१०,०००.०
२०.	ईन्दिरा लिम्बु, सुन्दरहरैंचा १०	२०८१/०९/०४	सुन्दरहरैंचा १०	बाली क्षति	३०,०००.०
२१.	प्रेम कु. भारती, बेलबारी १	२०८०/०८/०९	बेलबारी १	बाली क्षति	१०,०००.०
२२.	कामीलाल धिमाल, बेलबारी १	२०८०/०८/१६	बेलबारी १	बाली क्षति	१०,०००.०
२३.	याम कु. कार्की, सुन्दरहरैंचा ९	२०८१/१०/०५	सुन्दरहरैंचा ९	बाली क्षति	१०,०००.०
२४.	पवित्रा तामाङ	२०८१/१०/०१	सुन्दरहरैंचा ६	बाली क्षति	१०,०००.०
२५.	देवी प्रसाद डाँगी क्षत्री	२०८१/०९/१८	सुन्दरहरैंचा ६	बाली क्षति	१०,०००.०
२६.	कमला गुरुङ	२०८१/०५/३१	सुन्दरहरैंचा ६	बाली क्षति	७,१६१.०
२७.	लेखनाथ प्रसाईं, सुन्दरहरैंचा ७	२०८०/०९/१४	सुन्दरहरैंचा ७, सृजना टोल	बाली क्षति र घरगोठ क्षति	३०,०००.०

सि.नं.	पीडितको नाम ठेगाना	घटना मिति	घटनास्थल	क्षतिको किसिम	राहत रकम रु.
२८.	हेमलाल दवाडी, बेलबारी २	२०८०/०९/०४ र ०५	बेलबारी २, शान्ति टोल	बाली क्षति	१०,०००.०
२९.	मान ब. सुनुवार, सुन्दरहरैंचा ९	२०८१/०६/०६	सुन्दरहरैंचा ९	भण्डारण अन्न क्षति र घरगोठ क्षति	३०,०००.०
३०.	भरत काफ्ले, बेलबारी २	२०८१/०५/२९	बेलबारी २		३०,०००.०
३१.	दिल कुमारी कार्की, सुन्दरहरैंचा ८	२०८१/०९/०५	सुन्दरहरैंचा ८		३०,०००.०
३२.	पवित्र भण्डारी, सुन्दरहरैंचा १०	२०८१/०९/२५	सुन्दरहरैंचा १०		३०,०००.०
३३.	चन्द्रकला श्रेष्ठ, सुन्दरहरैंचा १०	२०८१/०९/२३	सुन्दरहरैंचा १०		३०,०००.०
३४.	खड्गमाया बराल, सुन्दरहरैंचा १०	२०८१/०९/२३	सुन्दरहरैंचा ७		३०,०००.०
३५.	सुमन रायमाझी, सुन्दरहरैंचा ६	२०८०/१२/०४	सुन्दरहरैंचा ६ हरियाली सा.व.	मानिस घाइते	२,००,०००.०
३६.	गंगामाया श्रेष्ठ, सुन्दरहरैंचा ७	२०८१/०९/०५	सुन्दरहरैंचा ७	मानिस मृत्यु	१०,००,०००.०
३७.	हरि प्रसाद घिमिरे	२०८१/१०/०५	सुन्दरहरैंचा ८		१०,००,०००.०
३८.	जय प्रसाद बास्तोला	२०७९/०८/२०	सुन्दरहरैंचा १०		१०,००,०००.०
३९.	चन्द्र कुमारी लिम्बु	२०८१/०९/१५	सुन्दरहरैंचा ५		१०,००,०००.०
४०.	लाल बहादुर लिम्बु	२०८१/१०/१८	बेलबारी १	बाली क्षति	१०,०००.०
४१.	बसन्त भण्डारी, सुन्दरहरैंचा ६	२०८०/०९/२८	सुन्दरहरैंचा ६, दुर्गा मन्दिर टोल	बाली क्षति	१०,०००.०
४२.	डिल्लीराम रिजाल, सुन्दरहरैंचा ६	२०८०/०९/२८		बाली क्षति	१०,०००.०
४३.	बेदराज चापागाईं/गोमा देवी, सुन्दरहरैंचा ६	२०८०/०९/२८		बाली क्षति	१०,०००.०
४४.	महेन्द्र ब. निरौला, बेलबारी १०	२०८०/०८/२२	बेलबारी १०	बाली क्षति	१०,०००.०
४५.	नैन कुमारी बस्नेत, बेलबारी १०	२०८०/०८/२२	बेलबारी १०	बाली क्षति	१०,०००.०
४६.	दिल कुमारी कार्की, सुन्दरहरैंचा ८	२०८१/०९/०५	सुन्दरहरैंचा ८	भण्डारण अन्न र घरगोठ क्षति	३०,०००.०
४७.	हेमलाल दवाडी, बेलबारी २	२०८०/०९/०४ र ०५	बेलबारी २, शान्तिटोल		१०,०००.०
४८.	उत्तम कुमार कार्की, धनुषा ४	२०८१/०६/२४	सुन्दरहरैंचा १०	बाली क्षति	१०,०००.०

सि.नं.	पीडितको नाम ठेगाना	घटना मिति	घटनास्थल	क्षतिको किसिम	राहत रकम रु.
४९.	पवित्रा तामाङ	२०८१/१०/०१	सुन्दरहरैंचा ६	बाली क्षति	१०,०००.०
५०.	पविता गुरुङ	२०८१/०९/२४	सुन्दरहरैंचा ६	बाली क्षति	१०,०००.०
५१.	बद्रि प्रसाद मिश्र, बेलबारी ४	२०८०/०८/०९	बेलबारी ४	बाली क्षति	१०,०००.०
५२.	मन बहादुर लिम्बु लेटाङ ९	२०८१/११/२६	लेटाङ ९, कोपिला सा.व	मानिस मृत्यु	१०,०००.०
५३.	महेन्द्र ब. निरौला, बेलबारी १०	२०८०/०८/२२	बेलबारी १०	बाली क्षति	१०,०००.०
५४.	अर्जुन कुमार खत्री तिम्सिना, सुन्दरहरैंचा ६	२०८०/०९/२८	सुन्दरहरैंचा ६, दुर्गा मन्दिर टोल	बाली क्षति	१०,०००.०
५५.	दिलु लिम्बु, सुन्दरहरैंचा ६	२०८१/०९/०२	सुन्दरहरैंचा ६	बाली क्षति	१०,०००.०
५८.	बेदराज चाँपागाई, सुन्दरहरैंचा ६	२०८१/०९/०२	सुन्दरहरैंचा ६	बाली क्षति	१०,०००.०
५९.	कृष्ण ब. तिम्सिना, सुन्दरहरैंचा ६	२०८१/०९/०२	सुन्दरहरैंचा ६	बाली क्षति	१०,०००.०
६०.	पोष्ट ब. लिम्बु, सुन्दरहरैंचा ६	२०८१/०९/०२	सुन्दरहरैंचा ६	बाली क्षति	१०,०००.०
६१.	गणेश तिम्सिना, सुन्दरहरैंचा ६	२०८१/०९/०२	सुन्दरहरैंचा ६	बाली क्षति	१०,०००.०
६२.	गंगामाया लिम्बु, सुन्दरहरैंचा ६	२०८१/०९/०२	सुन्दरहरैंचा ६	बाली क्षति	१०,०००.०
६३.	बसन्त भण्डारी, सुन्दरहरैंचा ६	२०८१/०९/०२	सुन्दरहरैंचा ६	बाली क्षति	१०,०००.०
६४.	मेरीसा लिम्बु, सुन्दरहरैंचा ६	२०८१/०९/०२	सुन्दरहरैंचा ६	बाली क्षति	१०,०००.०
६५.	बालकृष्ण लिम्बु, सुन्दरहरैंचा ६	२०८१/०९/०२	सुन्दरहरैंचा ६	बाली क्षति	१०,०००.०
६६.	रमेश प्र. चाँपागाई, सुन्दरहरैंचा ६	२०८१/०९/०२	सुन्दरहरैंचा ६	बाली क्षति	१०,०००.०
६७.	डिल्लीराम रिजाल, सुन्दरहरैंचा ६	२०८१/०९/०२	सुन्दरहरैंचा ६	बाली क्षति	१०,०००.०
६८.	प्रमिला दाहाल तिम्सिना, सुन्दरहरैंचा ६	२०८१/०९/०२	सुन्दरहरैंचा ६	बाली क्षति	१०,०००.०
६९.	उदय ब. लिम्बु, सुन्दरहरैंचा ६	२०८१/०९/०२	सुन्दरहरैंचा ६	बाली क्षति	१०,०००.०
७०.	पुष्कर अधिकारी, सुन्दरहरैंचा ६	२०८१/०९/१७	सुन्दरहरैंचा ६	बाली क्षति	१०,०००.०
७१.	खिलाराज धमला, बेलबारी २	२०८२/०२/१३	बेलबारी २	बाली क्षति	१०,०००.०
	जम्मा रकम रु.				

परिच्छेद १०-बेरुजू फछ्र्यौट

चालु आर्थिक वर्षमा बेरुजु हुन नदिन स्वीकृत वार्षिक कार्यक्रमहरु संचालन गर्दा अर्थ मन्त्रालय, संघीय सरकार तथा प्रदेश सरकारका तालुक विषयगत मन्त्रालयहरु तथा आर्थिक कार्यविधि र कार्यक्रम संचालन कार्यविधि अनुसार संघीय र प्रदेश मन्त्रालयबाट स्वीकृत नर्मस्, स्वीकृत जिल्ला दररेट, सार्वजनिक खरिद ऐन तथा नियमावली, कार्यक्रमको सम्भाव्यता र औचित्यता हेरी मात्र कार्यक्रम संचालन गर्ने तर्फ सजगता अपनाई कार्य सम्पादन गरिएको छ। विगत देखिका असुल उपर गर्नुपर्ने पुराना बेरुजु रकमहरु असुली एवं फछ्र्यौटको लागि सम्बन्धित निकाय, फर्म वा व्यक्तिहरुलाई पटक पटक ताकेताको कार्य जारी रहेको छ।

आ.व. २०८१/८२ को म.ले.प. को अन्तिम प्रतिवदेन प्राप्त नभएकोले उक्त आ.व. भन्दा अघि गत विगत वर्षहरुका डिभिजन वन कार्यालय र जिल्ला वन पैदावार आपूर्ति समिति तर्फका बेरुजु निम्न प्रकार रहेका छन् जसमध्ये फछ्र्यौट भएका विवरण पनि तलको तालिकामा उल्लेख गरिएको छ।

तालिका २१ — बेरुजु र फछ्र्यौट सम्बन्धी विवरण

आ.व.	नियमित गर्ने रु.	असुल गर्ने रु.	प्रमाण पेश गर्ने रु.	जम्मा रु.
आ.व. २०७९/८० सम्म	५,८७,३४,०८१	३८,९८,१११.६	७९,५०,८५३	७,०५,८३,०४६
आ.व. २०८०/८१ को	१,७७,४९७	१८,७६,८९०	१,८६,०१८	२२,४०,४०५
जम्मा	५,८९,११,५७८	५७,७५,००१.६	८१,३६,८७१	७,२८,२३,४५१
फछ्र्यौट	०	१,८२,५९०	६८,५०,८५३	७०,३३,४४२.९
बाँकी	५,८९,११,५७८	५५,९२,४११.६	१२,८६,०१८	६,५७,९०,००८

परिच्छेद ११ - कार्यालय व्यवस्थापन

११.१ कर्मचारी व्यवस्थापन

संघीय संरचना अनुसार प्रदेश सरकार मातहतको यस डिभिजन वन कार्यालय, मोरङको स्वीकृत दरबन्दी १४२ रहेको छ। यस कार्यालयमा कर्मचारी प्रशासन शाखा, योजना शाखा, वन व्यवस्थापन शाखा, आर्थिक प्रशासन शाखा, सशस्त्र वन सुरक्षा शाखा तथा १२ वटा सव-डिभिजन वन कार्यालयहरु रहेका छन्।

हरेक सव-डिभिजन वन कार्यालयहरुमा वन अधिकृत-१, रेञ्जर र-१ तथा वन रक्षक-६ जनाको दरले दरबन्दी रहेको छ। डिभिजन वन कार्यालय (जिल्ला) मा, सव-डिभिजन सलकपुर, बेलवारी र मंगलबारेमा सशस्त्र वन रक्षकहरुको ४ टोलीलाई खटाई वन जंगल संरक्षणका लागि सदैव तयारी अवस्थामा राखी परिचालन गरिएको छ। वन रक्षकहरुको दरबन्दी ७३ रहेकोमा २ पद रिक्त रहेको छ। सशस्त्र वन रक्षकहरुको दरबन्दी २३ कायम भएकोमा हाल स.व.र. सिपाहीहरु करारको १६ जना समेत गरी २७ जना कार्यरत रहेका छन्।

११.२ भौतिक व्यवस्थापन

यस कार्यालयको आफ्नै भवनबाट सेवा प्रवाह भईरहेको छ। साथै १२ वटा सव-डिभिजन वन कार्यालयहरु मध्ये १० वटा सव-डिभिजन वन कार्यालयहरु आफ्नै भवनमा छन् भने विराटनगर सव-डिभिजन वन कार्यालय र सव-डिभिजन वन कार्यालय, रंगेली गरी २ वटा सव-डिभिजनहरु घर बहालमा लिई कार्यालय संचालन एवं सेवा प्रदान गरिरहेका छन्।

डि.व.का. मोरङको आवास भवनको स्तरोन्नति, केराबारी सव-डि.व.का. कार्यालय मर्मत, लाटीझोडा सव-डि.व.का. को भवन निर्माण, सशस्त्र वन सुरक्षा शाखा सलकपुरको ट्रस र कोठा थप्ने कार्य, पथरी सव-डि.व.का. को कार्यालय कोठाको सिलिङ्ग लगाउने कार्य, कानेपोखरी सव-डि.व.का.मा शौचालय निर्माण र मधुमल्ला सव-डि.व.का. को नर्सरी घर विस्तार गर्ने कार्य सम्पन्न भएको छ।

कार्यालयलाई आवश्यक पर्ने फर्निचरहरु टेबल, कुर्सी, दराज तथा विद्युतीय उपकरणहरु कम्प्यूटर, प्रिन्टर तथा वनमा प्रयोग हुने मेशिनरी औजारहरु खरिद गरी कार्यालयहरुलाई व्यस्थित गरिदै लैजाने प्रयास जारी छ।

११.३ सूचना अधिकारी

सुचनाको हक सम्बन्धी ऐन, २०६४ को दफा ६ को उपदफा (१) मा व्यवस्था भए बमोजिम यस कार्यालयमा सूचना अधिकारीको रूपमा वन अधिकृत राम लखन ठाकुरलाई तेकिएको र सेवाग्राहीले नियमानुसार माग गर्ने सूचनाहरु समयमै उपलब्ध गराउने व्यवस्था गरिएको। सूचना अधिकारीका लागि जिल्ला प्रशासन कार्यालय मोरङबाट निर्णय भै उपलब्ध भएको मोबाईल नं. **९८५२०-८१११०** मा सूचना अधिकारीसँग सम्पर्क गर्न सक्ने व्यवस्था गरिएको छ।

११.४ बैठक संचालन

यस डिभिजन वन कार्यालय र अन्तर्गतका सव-डिभिजन वन कार्यालयहरुमा नियमित रुपमा बैठकहरु सञ्चालन हुने गरेको छ। यसमा कर्मचारी बैठक, आन्तरिक सशस्त्र वन रक्षक सुरक्षा बैठक, जिल्ला वन सुरक्षा बैठक, वन्यजन्तु अपराध नियन्त्रण ब्यूरो (WCCB) को बैठक, चौमासिक समीक्षा बैठक तथा अन्य सरोकारवालाहरुसँग आवश्यकता बमोजिम बैठक सञ्चालन गरिदै आएको छ। यस आर्थिक वर्ष भरीमा स्टाफ बैठक तथा अन्य बैठक गरी २२ भन्दा बढी बैठकहरु सम्पन्न गरिएको छ।

११.५ अनुगमन

